# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

४३

पूर्णाङ्क

संशोधन-मण्डल

का. मे. अ .द. नं. १५५/२४६

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि सहृता यत् संस्कृतोऽयं श्रमेण ।

-बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

११ वर्ष

३ अङ्क

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

*सम्पादक-*

**महेशराज पन्त**

**दिनेशराज पन्त**

*प्रकाशक-*

**देवीप्रसाद भण्डारी**

*( संशोधन-मण्डलद्वारा )*

*सहयोगी-*

**रामजी तेवारी**

यस अङ्कको मूल्य रु. ७।

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला | – महेशराज पन्त<br>दिनेशराज पन्त | १०५–१५२ |


# हाम्रा प्रकाशित कृति

## संशोधन-मण्डलतर्फबाट

| | |
|---|---|
| १. पूर्णिमा १ देखि ४३ अङ्कसम्म | १७८।५० |
| २. अभिलेख-संग्रह १ देखि १२ भागसम्म | ७।५० |
| ३. इतिहास-संशोधन | १३। |
| ४. सावधान-पत्र | ६। |
| ५. विद्या-रत्ना | ६। |
| ६. व्याकरण-संशोधन | ३।५० |
| ७. पञ्चाङ्ग-संशोधन | ३।५० |

(यी पुस्तक साझा प्रकाशनको केन्द्र र सबै शाखामा पाइन्छन् ।)

| | |
|---|---|
| ८. बुद्धिविनोद्-प्रश्नावली र त्यसको उत्तर | २। |
| ९. पञ्चाङ्ग-संशोधन (१३–१५ सङ्ख्या) | ।७५ |
| १०. सावधान-पत्र (१८–३० सङ्ख्या) | १०। |
| ११. रत्नदीप (करणग्रन्थ) | २।५० |
| १२. वृत्तशतक (प्रसिद्ध गणितज्ञ भास्कराचार्यका पिता महेश्वराचार्यले बनाएको मुहूर्तग्रन्थ) | ३। |

## नेपाल-सांस्कृतिक-परिषद्तर्फबाट

| | |
|---|---|
| १. जयरत्नाकरनाटक | ८। |
| २. त्रिरत्नसौन्दर्यगाथा | १०। |
| ३. ऐतिहासिक-पत्रसङ्ग्रह (पहिलो भाग) | ४।५० |
| ४. ऐतिहासिक-पत्रसङ्ग्रह (दोस्रो भाग) | ३।५० |

## जगदम्बा-प्रकाशनतर्फबाट

| | |
|---|---|
| १. गल्लीमा फ्याँकिएका कसिङ्गर | ६।२५ |
| २. इतिहास-संशोधनको प्रमाण-प्रमेय | १८। |
| ३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (५ खण्ड) | ४१। |

## त्रिभुवन-विश्वविद्यालय पाठ्यक्रम-विकास-केन्द्रतर्फबाट

| | |
|---|---|
| १. गोलबोध | १३।७२ |
| २. सुमतितन्त्र (त्रिभुवन-विश्वविद्यालय संस्कृतअध्ययनसंस्थानको आयोजनामा तयार भएको) | |

# नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला

—महेशराज पन्त
दिनेशराज पन्त

## एक

दन्त्यकथा र वास्तव घटना घोलमेल गरेर एक प्रकारको इतिहास लेख्ने चलन प्राचीन कालदेखि नेपालमा थियो भन्ने कुरा *गोपालराजवंशावली* आदि वंशावलीहरू भएबाट बुझिन्छ। यी वंशावलीहरूमा लेखिएका कुराहरू जति जति प्राचीन कालका हुन्छन्, तिनमा त्यति त्यति उलटपुलट हुन गएका देखिन्छन्। उदाहरणको लागि प्रसिद्ध लिच्छवि राजा मानदेवकै पुस्तेवारीलाई लिऔँ। वृषदेवका छोरा शङ्करदेव, शङ्करदेवका छोरा धर्मदेव, धर्मदेवका छोरा मानदेव, मानदेवका छोरा महीदेव, महीदेवका छोरा वसन्तदेव हुन् भन्ने कुरा लिच्छविकालका अभिलेखहरूबाट बुझिन्छ।[1] *गोपालराजवंशावली*मा विश्वदेवका छोरा मानदेव हुन् र मानदेवपछि शङ्करदेव, शङ्करदेवपछि धर्मदेव, धर्मदेवपछि महीदेव, महीदेवपछि वसन्तदेव राजा भए भनी लेखिएको छ।[2] यसरी लिच्छविअभिलेखका वृषदेवको नाउँ *गोपालराजवंशावली*मा विश्वदेव हुन पुगेको छ त वृषदेवका पनाति मानदेव *गोपालराजवंशावली*मा वृषदेवका छोरा हुन पुगेका छन्। मानदेवका बाजे शङ्करदेव *गोपालराजवंशावली*मा मानदेवका उत्तराधिकारी हुन गएका छन् भने बाबु धर्मदेव अपर्झट परलोक हुँदा म बिलखबन्दमा परेँ भनी खुद मानदेवले लेखिएका धर्मदेव *गोपालराजवंशावली*मा मानदेवका उत्तराधिकारीका पनि उत्तराधिकारीमा दरिएका छन्। यसै गरेर मानदेवका छोरा महीदेव *गोपालराजवंशावली*मा धर्मदेवका उत्तराधिकारी वन पुगेका छन्। स्थिति

---

१. वि. सं. २०३० मा काठमाडौँबाट त्रिभुवन विश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेखका १०–११, १४–१५, ५४६, ५५१ पृ.

२. वि. सं. २०१६ मा काठमाडौँबाट हिमवत्संस्कृति–सञ्चालक–समितिद्वारा प्रकाशित हिमवत्संस्कृति १ वर्ष १ अङ्कमा छापिएको योगी नरहरिनाथको गोपाल वंशावली (५७१ वर्ष अघि लेखिएको इतिहास) भन्ने निबन्ध, सो अङ्कका १०,२७ पृ.

मल्लका नाति यक्ष मल्ल[३] पछिल्ला वंशावलीहरूमा स्थिति मल्लका छोरा[४] हुन पुगेका पनि यसैको उदाहरण हो । विक्रमको सातौँ शताब्दीका भनी प्रमाणद्वारा सिद्ध[५] अंशुवर्माको समय पछिल्ला वंशावलीहरूमा विक्रमपूर्व पहिलो शताब्दीदेखि विक्रमको पाँचौँ शताब्दीसम्म[६] लेखिन पुगेको पनि यसैकै अर्को उदाहरण हो ।

यताबाट मानदेवको पुस्तेवारी, स्थिति मल्ल र यक्ष मल्लको नाता तथा अंशुवर्माको समयको विषयमा वंशावलीहरूमा आनकोतान फरक हुन गए तापनि मानदेवहरूले यहाँ राज्य गरेका थिए, स्थिति मल्ल र उनका सन्तानहरूको राज्य यहाँ चलेको थियो, अंशुवर्मा भन्ने राजा यहाँ भएका थिए भन्ने कुरा वंशावली लेख्नेहरूलाई थाहा थियो भन्ने कुरा त पक्कै हुन्छ । पाश्चात्त्य ढङ्गबाट नेपालको इतिहासको शोध हुन थाल्नुभन्दा सयौँ वर्षअगाडिदेखि वंशावली लेखिन थालेकाले हाम्रो यहाँ त्यति शास्त्रीय नभए पनि इतिहास लेख्ने आफ्नै ढङ्गको परम्परा थियो भनेर निर्धक्क भन्न सकिन्छ । नेपाललाई छोडेर यस्तो चलन भारतीय उपमहाद्वीपमा काश्मीर र गुजरात तथा केही मात्रामा सिन्धमा भएको प्रमाण पाइएको छ ।[७]

---

३. वि. सं. २०१६ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको इतिहास-संशोधनको प्रमाण-प्रमेयको मूल भागका ३६-४२ पृ.

४. वि. सं. २०२३ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित देवीप्रसाद लम्सालद्वारा सम्पादित भाषा वंशावली २ भागको ५० पृ.

५. वि. सं. २०३५ मा [प्र]काशित पूर्णिमा ३६ अङ्कमा छापिएको पिताजी नयराज [दे]वीप्रसाद भण्डारी, भोलानाथ पौडेल, दिनेशराज पन्तको अंशुवर्माहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको हो भनी सफाईं बनिसकेका सबै मिति दुरुस्त मिल्छन् भन्ने निबन्ध, सो अङ्कका १००-११९ पृ.

६. वि. सं. २०२७ मा प्रकाशित पूर्णिमा २४ अङ्कमा छापिएको पिताजी नयराज पन्तको साँचो कुरा पत्ता लागेमात्र म आफ्नो भूल स्वीकार गर्न सधैं तयार छु भन्ने निबन्ध, सो अङ्कका ३०६-३१२ पृ.

७. वि. सं. २०२८ मा बम्बईबाट भारतीय विद्याभवनद्वारा प्रकाशित द वेदिक् एज् (वैदिक काल)-को पाँचौँ संस्करणमा छापिएको रमेशचन्द्र मजुमदारको सोर्स इज् अफ् इन्डिअन् हिस्टरि (भारतीय इतिहासका उपकरण) भन्ने निबन्ध, सो ग्रन्थका ४६-५१ पृ.

वि. सं. २०२६ मा छापिएको पूर्णिमा २० अङ्कमा प्रकाशित हाम्रो वक्तव्य, सो अङ्कको १८६ पृ.

वि. सं. १९३७ मा भगवानलाल इन्द्राजीले नेपालका २३ वटा अभिलेखहरूको सम्पादन गरी प्रकाश नगरेसम्म[८] नेपालको इतिहास भन्नु नै वंशावली थियो । वि. सं. १९४१ मा यिनै भगवानलाल इन्द्राजीले *नेपालको इतिहासमा केही विचार* भन्ने निबन्धमा वंशावलीमा भएका केही असङ्गति देखाइदिएकाले[९] वंशावलीको लेखाइ अप्रामाणिक रहेछ भन्ने कुरा प्रकाशमा आयो । पछि तत्तत्कालका लेखहरू विस्तारै प्रकाशमा आउँदै गएपछि वंशावलीको लेखाइमा पढेगुनेका मानिसहरूको विश्वास क्रमशः कम हुँदै गयो । वंशावलीको मात्र पूरा भर परी तत्तत्कालका लेखहरू नकेलाई लेखिएका इतिहासका पुस्तकहरूमा परेका अशुद्धिहरूको खण्डन तत्तत्कालका लेखहरूको आधारमा गर्ने परम्परा वि. सं २००६ देखि पिताजी पं. नयराज पन्तले आफ्ना शिष्य प्रशिष्यहरूद्वारा *इतिहास-संशोधन* पत्र निकाल्न लगाई बसाल्नुभएकोले एक थरी मानिसहरूमा वंशावली भनेको कति पनि काम नलाग्ने अप्रामाणिक र भ्रमोत्पादक विषयहरूको सङ्ग्रह मात्र हो भन्ने भ्रम पनि पर्न गयो ।

वंशावली खालि अप्रामाणिक र भ्रमोत्पादक विषयहरूको सङ्ग्रह मात्र होइन; वंशावलीमा सत्य कुरा पनि प्रशस्त छन् ; हामी इतिहासको खोजी गर्नेहरूले धेरै पछि मात्र तत्तत्कालका प्रमाणहरूबाट थाहा पाउन सकेका कुरा वंशावली लेख्नेहरूलाई राम्रै थाहा थिए भन्ने कुरा यहाँनिर हामीले बिर्सन हुँदैन । उदाहरणको लागि विक्रमको अठाह्रौँ शताब्दीको काठमाडौँ राज्यका एक जना चौतारा ( प्रधानमन्त्री ) लक्ष्मीनारायण जोशीकै कुरा लिऔँ । वि. सं. १७३१ मा काठमाडौँ राज्यका राजा प्रताप मल्लको मृत्यु भएपछि उनको घरमा झगडा शुरू भयो र मन्त्रीहरूको प्रभाव बढ्दै गयो । त्यस्तै मन्त्रीहरूमा एक जना लक्ष्मीनारायण जोशीले आफ्ना प्रतिद्वन्द्वी चिकुटीलाई मराई आफ्नो स्थिति झन् झन् मजबूत पार्दै लगे । राजा नाबालग भएकाले र राजमातालाई समेत आफ्नो मूठीमा लिन सकेकाले लक्ष्मीनारायण जोशी भन्नु र त्यस बेलाको काठमाडौँ राज्य भन्नु पर्यायवाची शब्द जस्तै बन्न गएका थिए। पछि लक्ष्मीनारायण जोशीका विरोधीहरू उनलाई मार्न सफल भए र केही समयसम्म काठमाडौँ राज्यमा हालिमुहाली चलाएर बसेका व्यक्तिको अन्त भयो। यी सबै कुरा वंशावलीमा खुलस्तसँग लेखिएको[१०] भए तापनि त्यही

८. वि. सं. १९३७ मा बम्बईबाट प्रकाशित दि इन्डियन् एान्टिक्वरि ( भारतीय प्रत्नतत्त्व ) को ९ वर्षका १६३-१९४ पृष्ठमा छापिएको भगवानलाल इन्द्राजी र गेओर्ग ब्यूलरको इन्स्क्रिप्शनज फ्रम् नेपाल् ( नेपालका अभिलेख ) भन्ने निबन्ध

९. १ परिशिष्ट

१०. भाषा वंशावली २ भागका ९३-१०० पृ.

समयको लिखत नपाइएकोले "उही कालका शिलापत्र तामापत्र चिठी पत्रलाई सब भन्दा प्रमाण मानी"[११] तयार गरिएको वि .सं. २००४ मा छापिएको प्रा. तोत्रराज पाण्डेय र पिताजी पं. नयराज पन्त-को *नेपालको संक्षिप्त इतिहासमा* यी घटनाको चर्चै गरिएन[१२] । लक्ष्मीनारायण जोशी हर्ताकर्ता हुँदाका राजा भूपालेन्द्र मल्ल प्रताप मल्लका छोरा पार्थिवेन्द्र मल्लका छोरा हुन् भन्ने कुरा उही कालको प्रमाण-बाट सिद्ध भइसकेको[१३] हुँदा हुँदै पनि वंशावलीमा भूपालेन्द्र मल्ललाई प्रताप मल्लका अर्का छोरा नृपेन्द्र मल्लका छोरा भनी लेखिएकोले[१४] पनि होला, *नेपालको संक्षिप्त इतिहासका* रचयिताहरू-को दृष्टिमा यी सबै घटना कल्पनामय भए जस्ता लाग्न गए होलान् र त्यसैले *नेपालको संक्षिप्त इतिहासमा* यी घटनाको चर्चै नगर्नु मुनासीब सम्झियो होला । भूपालेन्द्र मल्लको ने. सं. ८०६ (आसन्न वि. सं. १७४६) को मोहरमा एकापट्टि नेपालेश्वर राजेन्द्र श्री २ जयभूपालेन्द्रमल्ल र अर्कोपट्टि लक्ष्मीनारायण ८०६ लेखिएको छ[१५] । टकमा राजासँगै राजाको ज्यादै नजीकका नातेदारको मात्र नाउँ लेख्ने उदाहरण भेट्टाइने हुनाले[१६] *नेपालको संक्षिप्त इतिहासका* रचयिताहरूको मनमा के वंशावलीमा चर्चा गरिएका लक्ष्मीनारायण जोशी यिनै लक्ष्मीनारायण न होइनन् भन्ने शङ्का-सम्म पनि उठ्न गएन र *नेपालको संक्षिप्त इतिहासमा* लक्ष्मीनारायणलाई भूपालेन्द्र मल्लका भाइ तुल्याई उनलाई त्यस वेलाका हर्ताकर्ता बनाइएको छ[१७] । भूपालेन्द्र मल्ल जन्मेको समय *नेपालको संक्षिप्त इतिहास* छापिएको धेरै वर्षपछि मात्र पत्ता लागेकोले[१८] राजा त नौ दश वर्षका छन् भने उनका भाइ झन् साना हुने भए, त्यस कारण यति साना मान्छे हर्ताकर्ता हुनु सम्भव छैन भन्ने प्रश्न पनि त्यस बेला उठ्न सक्ने भएन र १२ वर्षसम्म लक्ष्मीनारायण भूपालेन्द्र-

---

११. वि. सं. २००४ मा काशीबाट तोत्रराज पाण्डेयद्वारा प्रकाशित तोत्रराज पाण्डेय र नयराज पन्त-को नेपालको संक्षिप्त इतिहासको भूमिकाको ३ पृ.

१२. नेपालको संक्षिप्त इतिहासका ३६-४१ पृ.

१३. इतिहास-संशोधनको प्रमाण-प्रमेयका १४३-१४४ पृ.

१४. भाषा वंशावली २ भाग को ६६ पृ.

१५. इतिहास-संशोधनको प्रमाण-प्रमेयको २८२ पृ.

१६. वि. सं. १९६५ मा लन्डनबाट प्रकाशित जर्नल् अफ् द रइअल् एशियाटिक् सोसाइटि (एशिया-सम्बन्धी राजकीय परिषद्को पत्रिका)को ५ वर्षका ६६१-७५९, ११३२-११३६ पृष्ठमा छापिएको ई. एच. वाल्शको द् कइन्एज् अफ् नेपाल् (नेपालका सिक्का) भन्ने निबन्ध

१७. नेपालको संक्षिप्त इतिहासको ४० पृ.

१८. वि. सं. २०१६ मा धनवज्र वज्राचार्यद्वारा विरचित तथा प्रकाशित इतिहास-संशोधन (५० क्रमागत संख्या) का ८-९ पृ.

कै भाइका रूपमा इतिहासका विद्यार्थीहरूमा चिनिँदै रहे। लक्ष्मीनारायण जोशीको विषयमा उही कालका प्रामाणिक साधन भेट्टिएकाले बल्ल आएर वि. सं. २०१६ मा मात्र *इतिहास-संशोधन* ५० क्रमागत सङ्ख्यामा श्रीधनवज्र वज्राचार्यले यस विषयमा लेख्नुभयो र लामो समयसम्म रहेको भ्रम हट्न गयो। यति भन्नाको तात्पर्य हामीले धेरै पछि भेट्टाएका केही ऐतिहासिक साधनहरू पनि वंशावली लेख्नेहरूले उपयोग गरेका थिए भन्ने हो।

पाल्पाली राजा मुकुन्द सेनले नेपालखाल्डोमा गरेको भयङ्कर हमलाको बयान विभिन्न वंशावलीहरूमा भए तापनि त्यतिअगाडि मुकुन्द सेन हुनु सम्भव नभएकोले प्रामाणिक ऐतिहासिकहरूले त्यस घटनाको सत्यतालाई सकार्न सकेनन र मुकुन्द सेनको हमला मनगढन्त कथाको रूपमा इतिहासका विद्यार्थीहरूमा चर्चित भइरह्यो। अहिले आएर पूरा तिथिमिति दिई मुकुन्द सेनको हमलाको बयान गरिएको त्यही कालको लिखत भेट्टाइएकोले अब मुकुन्द सेनको हमला मनगढन्त कथाको रूपमा होइन, वास्तव घटनाको रूपमा इतिहासका विद्यार्थीहरूमा चर्चित होओस् भन्ने उद्देश्यले यो निबन्ध प्रस्तुत गरिएको छ। पुराना घटनाहरूको बयान गर्दा वंशावलीका रचयिताहरूले अन्यत्र झैँ यहाँ पनि समयमा आनकोतान फरक जरूर पारेका छन्, तर मुकुन्द सेनको हमला नेपालखाल्डोमा भएको थियो भन्ने मूल कुरो भने उनीहरूले बिर्सेका थिएनन् भन्ने कुरा यहाँनिर हामीले याद राख्नुपरेको छ।

## दुइ

इतिहासको राजनीतिसँग गहिरो सम्बन्ध हुने हुनाले विजिगीषु अङ्ग्रेज जातिका दूत वा दूतावासमा कर्मचारी भएर नेपाल आएका अङ्ग्रेजहरूले नेपालको इतिहासमा शुरूदेखि नै चाख लिएर आएका थिए भन्ने कुरा विलियम कर्क्प्याट्रिक[१९], फ्रान्सिस बुच्नान ह्यामिल्टन[२०], ब्रायन

१९. वि. सं. १८६७ मा लन्डनबाट विलियम मिलरद्वारा प्रकाशित विलियम कर्क्प्याट्रिकको यान् अकाउन्ट् अफ् द किङडम् अफ् नेपौल्, बीइङ द सब्स्टन्स् अफ् अब्जर्भेशन्ज् मेड् ड्युरिङ अ मिशन् टु द्याट् कन्ट्रि, इन् द यर् १७९३ (नेपाल अधिराज्यको बयान– वि. सं. १८४९ मा त्यस देशमा गएको दूतमण्डलले ख्याल राखेका कुराको सार)

२०. वि. सं १८७६ मा एडिनबर्गबाट आर्किबोल्ड कन्स्टेब्ल यान्ड कम्पनीद्वारा प्रकाशित फ्रान्सिस बुच्नान ह्यामिल्टनको यान् अकाउन्ट् अफ् द किङडम् अफ् नेपाल् यान्ड् अफ् द टेरिटरिज् अनेक्स्ड् टु दिस् डोमिनियन् बाइ द हाउस् अफ् गोर्खा (नेपाल अधिराज्यको र गोर्खाली राजवंशले यस राज्यमा गाभेका प्रदेशहरूको बयान)

हष्टन हड्सन[२१], हेनि्र एम्ब्रोस ओल्ड्फील्ड [२२], डानियल राइटहरूले[२३] नेपालको इतिहासको विषयमा आफूले जानेबुझेसम्मको कुरा लेखेर गएकाले बुझ्न सकिन्छ।

वि. सं. १८७३ मा नेपाल र इस्ट इन्डिया कम्पनीको सन्धि भएपछि कम्पनीको पहिला दूत भएर नेपाल आएका एड्वर्ड गार्ड्नरका सहायक भएर वि. सं. १८७७ मा नेपाल पसेका, पछि वि. सं. १८८६ देखि वि. सं. १८९९ सम्म नेपालमा कम्पनीको दूत भएर बसेका ब्रायन हष्टन

२१. वि. सं. १९३१ मा लन्डनबाट ट्रूबनर यान्ड कम्पनीद्वारा प्रकाशित ब्रायन हष्टन हड्सनको एस्एज् अन् द ल्याङ्ग्विजइज्, लिटरेचर्, यान्ड रिलिजन् अफ् नेपाल् यान्ड् टिबेट्: टुगेदर् विथ् फरदर् पेपर्ज् अन् द जिअग्रफि, एथ्नलजि, यान्ड् कमर्स् अफ् दोज् कन्ट्रिज् ( नेपाल र भोटका भुवनकोश, नृवंशविद्या र वाणिज्यसम्बन्धी अरू लेखका साथै ती देशका भाषा, वाङ्मय र धर्मसम्बन्धी निबन्ध )

वि. सं. १९३७ मा लन्डनबाट ट्रूबनर यान्ड कम्पनीद्वारा प्रकाशित ब्रायन हष्टन हड्सनको मिस्अलेनिअस् एस्एज् रिलेटिङ्ग टु इन्डिअन् सब्जिक्ट्स् ( भारतीय विषयसम्बन्धी किसिमकिसिमका निबन्ध )

यीबाहेक त्यसताकाका एशियाटिक् रिसर्चइज् ( एशियासम्बन्धी अन्वेषण ), दि जर्नल् अफ् दि एशियाटिक् ससाइइटि अफ् बेन्गल् ( बङ्गालको एशियासम्बन्धी परिषद्को पत्रिका ) र जर्नल् अफ् द रइअल् एशियाटिक् ससाइइटि अफ् ग्रेट् ब्रिटेन् यान्ड् आइर्ल्यान्ड् ( ग्रेट ब्रिटेन र आयरल्यान्डको एशियासम्बन्धी राजकीय परिषद्को पत्रिका ) मा ब्रायन हष्टन हड्सनका नेपालसम्बन्धी निकै लेख छापिएका छन्।

२२. वि. सं. १९३७ मा लन्डनबाट डब्ल्यू. एच. एलेन यान्ड कम्पनीद्वारा प्रकाशित हेनि्र एम्ब्रोस ओल्ड्फील्डको स्केचइज् फ्रम् निपाल्, हिस्टरिक्ल् यान्ड् डिस्क्रिप्टिभ्, विथ् यान्एक्डोट्स् अफ् द कोर्ट् लाइफ् यान्ड् वाइल्ड् स्पोर्ट्स् अफ् द कन्ट्रि इन् द टाइम् अफ् महाराजा जङ्ग बहादुर्, जी. सी. बी., टु ह्विच् इज् याड्इड् यान् एस्ए अन् निपालिज् बुड्अइज्म्, यान्ड् इल्अस्ट्रेशन्ज् अफ् रिलिजअस् मन्युमन्ट्स्, आर्किटेक्चर्, यान्ड् सीन्अरि फ्रम् द अथर्ज् वोन् ड्रइङ्ग्ज् ( जी. सी. बी. तक्मा पाएका महाराज जङ्गबहादुरको पालाको दरबारको जिन्दगी र शिकारका अप्रकाशित विवरणका साथै नेपालको ऐतिहासिक र वर्णनात्मक चित्रण। यसमा नेपालको बुद्धधर्मसम्बन्धी एउटा निबन्ध र यस ग्रन्थका रचयिताले आफैँले बनाएका तसवीरहरूमध्येबाट धार्मिक स्थल, वास्तु र प्राकृतिक दृश्यका तसवीरहरू गाभिएका छन् ) का १–२ भाग

२३. वि. सं. १९३३ मा केम्ब्रिजबाट केम्ब्रिज युनिभर्सिटी प्रेसद्वारा प्रकाशित डानियल राइटद्वारा सम्पादित हिस्टरि अफ् नेपाल् विथ् यान् इन्ट्रडक्टरि स्केच अफ् द कन्ट्रि यान्ड् पीप्ल् अफ् नेपाल् ( नेपालको मुलुक र दुनियाँको परिचयात्मक वर्णनको साथै नेपालको इतिहास )

हड्सनले[२४] नेपालको विषयमा निकै खोजीनिती गरेका छन्। दन्त्यकथा र वास्तव घटना मिसाई वंशावली लेख्ने परम्परा भएको नेपालमा नेपालको इतिहासको विषयमा खोजीनिती गर्दा सत्ययुगदेखि वि. सं. १८८२ सम्मका घटनाको बयान परेको, पद्मगिरि भन्नेले तयार गरेको नेपाली भाषामा लेखिएको वंशावली हड्सनको हात पर्‍यो। हड्सनले सो वंशावलीलाई अङ्ग्रेजी-मा उल्था पनि गराए। लन्डनको इन्डिया अफिसको पुस्तकखानामा राखिएकोले पद्मगिरिको वंशावलीको अङ्ग्रेजी अनुवाद निकै चर्चामा पनि आयो।[२५]

नेपालमा रहेको अङ्ग्रेजी दूतावासमा श्री ३ महाराज जङ्गबहादुर कुँवर राणाको पालामा औषधि गर्ने डाक्टर भई आएर नेपालमा १० वर्ष बिताएका[२६] डानियल राइटले नेपालको इतिहासमा चाख राखी खोजीनिती गर्न थाले। यहाँ वंशावली लेख्ने परम्परा पहिलेदेखि भएकोले वंशावलीमा नयाँ नयाँ घटना थप्दै जानुपर्ने भयो र एक पुस्तापछि अर्को पुस्ताले वंशावलीको सम्पादन गर्ने गरेर वंशावलीलाई अद्यतन रूप दिने चलन थियो।[२७] यस्तै काम गर्ने पाटनका एक जना पण्डित गुणानन्दको मदत लिई डानियल राइटले नेपालीमा लेखिएको एउटा वंशावलीलाई अङ्ग्रेजी दूतावासका मीर मुन्शी शिवशङ्कर सिंहलाई अङ्ग्रेजीमा उल्था गर्न लगाए। सो अङ्ग्रेजी अनुवादको सम्पादन आफैँले गरी त्यसको विस्तृत उपोद्घातसमेत आफैँले लेखी सत्ययुगदेखि वि. सं. १८८६ सम्मको घटनाको बयान गरिएको सो वंशावलीलाई नेपालको इतिहास भन्ने नाउँ राखी राइटले वि. सं. १९३३ मा केम्ब्रिजबाट प्रकाश गराए। नेपालको उठानदेखिको सम्पूर्ण इतिवृत्तले सिङ्गै पुस्तक

२४. वि. सं. १९५३ मा लन्डनबाट जोन मुरेद्वारा प्रकाशित विलियम विल्सन हन्टरको लाइफ् अफ् ब्रायन् हघ्टन् हड्सन्; ब्रिट्इश् रेजिडन्ट् इन् नेपाल् (नेपालमा अङ्ग्रेजका दूत भएका ब्रायन हघ्टन हड्सनको जीवनी)

वि. सं. २०२९ मा नयाँ दिल्लीबाट मञ्जुश्री पब्लिशिङ हाउसद्वारा पुनः प्रकाशित ब्रायन हघ्टन हड्सनको एस्एज् अन् द ल्याङ्ग्विज्इज्, लिट्अर्इचर्, यान्ड् रिलिजन् अफ् नेपाल् यान्ड् टिबेट्मा छापिएको फिलिप डेन्वुडको इन्ट्रडक्शन् (भूमिका)

२५. इन्डिया अफिसमा रहेको यो अनुवाद वि. सं. २०२७ मा होशियारपुरबाट प्रकाशित विक्रमजित् हसरतको हिस्टरि अफ् नेपाल् याज् टोल्ड् बाइ इट्स् ओन् यान्ड् कन्टेम्पररि क्रनिक्लर्ज् (नेपालका आफ्नै र उही समयका इतिवृत्तकारहरूले बताएबमोजिमको नेपालको इतिहास) का १-९८ पृष्ठमा यान् अकाउन्ट् अफ् नेपाल् (नेपालको बयान) भनी छापिएको छ।

२६. डानियल राइटद्वारा सम्पादित उपर्युक्त ग्रन्थको प्रिफेस् (भूमिका) ५ पृ.

२७. वि. सं. २०३१ मा प्रकाशित पूर्णिमा ३१ अङ्कमा छापिएको महेशराज पन्तको गोपालराज-वंशावली र भाषा वंशावलीको साधर्म्यका केही उदाहरण भन्ने निबन्ध, सो अङ्कका १६२-१६६ पृ.

ओगटेको छापिएको पहिलो पुस्तक भएकोले र अङ्ग्रेजीमा भएकोले सो वंशावलीको देशविदेशमा निकै प्रचार भयो।

आफ्नो देशको इतिहासको खोजीमा नेपाली विद्वान्हरूले अघि सरेर काम गर्न थालेपछि वंशावलीपट्टि पनि उनीहरूको बढी दृष्टि जान थाल्यो। यसैको फलस्वरूप राष्ट्रिय पुस्तकालयमा रहेको वंशावलीको एउटा लेखोट पुस्तक र वीरपुस्तकालयमा रहेको अर्को लेखोट पुस्तकको आधारमा पाठनिर्णय गरी वंशावलीको सम्पादन गरेर प्रकाश गर्ने काम श्रीनयनाथ पौडेलले वि. सं. २०२० मा शुरू गर्नुभयो र यसलाई श्रीदेवीप्रसाद लंसालले अघि बढाउनुभयो। तर पनि वंशावलीको सम्पादन गर्ने त्यो काम अपूरै रहन गयो र सृष्टिदेखि पृथ्वीनारायण शाहले काठमाडौँ जितेसम्मको भाग मात्र प्रकाश हुन सक्यो।[२८]

नेपालखाल्डोका तीर्थहरूको माहात्म्यबाट उठाई वि. सं. १९४२ मा बैठाइएको यस्तै छाँटको एउटा वंशावली सुब्बा भूपालमानसिंह प्रधानको सङ्ग्रहमा रहेछ। यस वंशावलीलाई श्रीबालचन्द्र शर्माले वि. सं. २०२५ मा पुरातत्त्वविभागको मुखपत्र प्राचीन नेपालका तीन अङ्कमा क्रमशः प्रकाश गराउनुभएको छ।[२९]

केसरपुस्तकालयमा यस्तै छाँटको, तर निकै खुलाएर लेखिएको एउटा वंशावली छ। सृष्टिदेखि लिएर वि. सं. १९४७ सम्मका घटनाको बयान गरिएको सो वंशावली वि. सं. २०२७

---

२८. वि. सं. २०२० मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित नयनाथ पौडेलद्वारा सम्पादित भाषा वंशावली १ भाग
वि. सं. २०२३ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित देवीप्रसाद लंसालद्वारा सम्पादित भाषा वंशावली २ भाग
नयनाथ पौडेल र देवीप्रसाद लंसालले भाषा वंशावली सम्पादन गर्दा उपयोग गरेका दुइ वंशावलीमध्ये एक अर्थात् वीरपुस्तकालयमा रहेकोचाहिँ पछि वि. सं. २०२६ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित प्राचीन नेपाल ७ सङ्ख्याका १–२४ पृष्ठ, ८ सङ्ख्याका १–२४ पृष्ठ, ९ सङ्ख्याका १–२४ पृष्ठ, १० सङ्ख्याका १–२४ पृष्ठ, वि. सं २०२७ मा प्रकाशित ११ सङ्ख्याका १–१७ पृष्ठमा नेपालको इतिहास राजभोगमाला भन्ने नाउँ दिई क्रमशः छापिएको छ।

२९. वि. सं. २०२५ मा प्रकाशित प्राचीन नेपाल ४ सङ्ख्याका ३–१५ पृष्ठ, ५ सङ्ख्याका १–१७ पृष्ठ, ६ सङ्ख्याका १–२९ पृष्ठमा छापिएको बालचन्द्र शर्माद्वारा सम्पादित काठमाण्डू उपत्यकाको एक राजवंशावली

देखि वि. सं. २०३१ भित्र *प्राचीन नेपाल*का विभिन्न अङ्कमा प्रकाश गरिएको छ ।[३०]

यी पाँचै थरी वंशावलीमा पाल्पाली राजा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरेको कुरा लेखिएका छन् । हाम्रो यो लेख मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको विषयमा भएकोले अब सबभन्दा पहिले हरेक वंशावलीका सम्बद्ध अंश यहाँ उतार्नु परेको छ ।

आनन्द मल्ल ... तिनले ३५ वर्ष राज्य गरे । ...

साफाले ... नयाँ संवत् चलाउने अठोट गऱ्यो । त्यस कारण त्यसले सुनको धूलोबाट उठेको धनले दुनियाँहरूको ऋण तिरिदियो र नेपाली संवत् भन्ने नयाँ सवत् चलायो । पशुपतिनाथको मन्दिरको दक्षिण ढोकाको अगाडि आफ्नो सालिग राखेपछि नेपाली संवत्को दशौँ वर्षमा साफा मऱ्यो ।

काठमाडौँका राजा जयदेव मल्ल र भादगाउँका आनन्द मल्ललाई नान्यदेवले हराए र गद्दीबाट बरखास्त गरे । यी नान्यदेव तिनीहरूको राज्यमा घेरा हाल्न सबै जातका र किसिमका मानिस भएको ठूलो फौज लिएर कर्णाटकबाट आएका थिए । त्यसमध्ये द्विनाजु नेवार भन्ने जातका मानिसहरू पनि थिए । यी द्विनाजु नेवारहरूले द्विनाजु भन्ने कुलदेवताहरू आफूसँगै लिएर आएका थिए । यी देवताहरूको मदतले नान्यदेवले यो मुलुक जिते र भादगाउँको अख्तियार लिए र त्यहाँ बसोबास गरे । मल्ल राजाहरूचाहिँ मुलुक छोडेर तिरहुतमा बसोबास गर्न गए ।

पचास वर्ष राज्य गरेपछि नान्यदेव मरे र उनीपछि उनका छोरा गङ्गदेव राजा भए । आफू राजा भएको एकचालीसौँ वर्षमा गङ्गदेव मरे र उनीपछि उनका छोरा शक्तिदेव राजा भए । आफू राजा भएको उनन्चालीसौँ वर्षमा शक्तिदेव मरे र उनीपछि उनका छोरा रामसिंहदेव राजा भए । यी राजाको पालामा पाल्पाका राजा मुकुन्द सेनले बाली भित्र्याउने बेलामा ठूलो फौजले नेपालदेश घेरेकाले मारिने डरले दुनियाँहरूले आआफना घर छोडे र यसै

३०. वि. सं. २०२७ मा प्रकाशित प्राचीन नेपाल १२ सङ्ख्याका १–२७ पृष्ठ, १३ सङ्ख्याका १–२४ पृष्ठ, १४ सङ्ख्याका १–२४ पृष्ठ; वि. सं. २०२८ मा प्रकाशित प्राचीन नेपाल १६ सङ्ख्याका १–२४ पृष्ठ, १७ सङ्ख्याका १–११ पृष्ठ, १८ सङ्ख्याका १–२४ पृष्ठ; वि. सं. २०२९ मा प्रकाशित प्राचीन नेपाल १९ सङ्ख्याका १–२३ पृष्ठ, २० सङ्ख्याका १–२४ पृष्ठ, २१ सङ्ख्याका १–२८ पृष्ठ, २२ सङ्ख्याका १–२० पृष्ठ; वि. सं. २०३० मा प्रकाशित प्राचीन नेपाल २३ सङ्ख्याका १–१० पृष्ठ; २४ सङ्ख्याका १–२३ पृष्ठ, २५ सङ्ख्याका १–२० पृष्ठ, २६ सङ्ख्याका १–१४ पृष्ठ; वि. सं. २०३१ मा प्रकाशित प्राचीन नेपाल २७ सङ्ख्याका १–३२ पृष्ठमा छापिएको नेपाल देशको इतिहास वा नेपाल देशको इतिहास संग्रह

बीचमा धान र मूलाको बाली जमीनभित्र गाडे। मुलुक लुटेर, देवताहरूका मन्दिर भत्काएर, देवताहरूका मूर्ति नष्ट गरेर तथा मत्स्येन्द्रको विहारको पटाङ्गिनीमा राखिएका भैरव पनि झिकेर मुकुन्द सेनले आफ्नो देश पालपामा लगे। भैरवको सो मूर्ति अक्र पनि पालपामा देखिन्छ। जुन वेला आफ्ना ठूलो फौजसँग तिनी अगाडि बढिरहेका थिए, मत्स्येन्द्रनाथको स्नानयात्रा गरिहेका पाटनका बासिन्दाहरूले तिनका सिपाहीहरूले कराएका सुनेर मत्स्येन्द्र-नाथको मूर्ति त्यहीँ छोडी भागाभाग गरे। मत्स्येन्द्रनाथको शिरमा आआफ्ना मुखबाट पानी खत्याइरहेका सुनका पाँचवटा नागलाई मत्स्येन्द्रनाथको मूर्तिको नजीकै आफू आइपुग्दा ती राजाले देखे र तिनी ज्यादै छक्क परे। तिनले आफ्नो घोडाको गलाबाट सुनको माला झिके र यो माला मत्स्येन्द्रतिर हुत्याए। मत्स्येन्द्रले आफ्नो शिर अलिकति नुहाए र त्यो माला आफ्नो गलामा लिए। यो माला आजसम्म पनि तिनको जेथामा छ।

आफ्ना पाप र निठुरीपनले गर्दा मुकुन्द सेनका साहनवानहरूले पशुपतिनाथको कोप उभाडे। यसको परिणाम के भयो भने पशुपतिनाथले तिनको फौजमा डरलाग्दो महामारी फैलाइदिए। यसले गर्दा एक हप्तामा राजाबाहेक सारा फौज नष्ट भयो। राजाचाहिँ संन्यासी भए र भीखमङ्गाको भेषमा आफ्नो देशतिर हिंडे। तिनी हिंडेपछि नेपालीहरूले जमीनबाट धान र मूला खनेर झिक्दा धान र मूला आधा कुहिइसकेका थिए। त्यस कारणले दुनियाँले त्यस्तो धानको नाउँ हकुवा र त्यस्तो मूलाको नाउँ सिन्की राखे।

यसरी बेइज्जतीसँग मुकुन्द सेन गएपछि मुलुक राजाविनाको भयो। मुलुकमा नवाकोटको वैश्यवंश आयो र मुलुकको अख्तियार लियो। यसरी कान्तिपुरमा बाह्र र पाटनमा चौबीस जना राजाको अख्तियार भयो।

[ नेपाली भाषामा लेखिएको यस वंशावलीको माथि उद्धृत अंशको अङ्ग्रेजी अनुवाद वि॰ सं. २०२७ मा होशियारपुरबाट प्रकाशित विक्रमजित् हसरतको *हिस्टरि अफ् नेपाल् याज् टोल्ड् बाइ इट्स् वोन् यान्ड् कन्टेम्पररि क्रनिक्लज्* ( नेपालका आफ्नै र उही समयका इतिवृत्तकारहरूले बताएबमोजिमको नेपालको इतिहास ) का ४६–५२ पृष्ठमा छापिएको छ। त्यही अङ्ग्रेजी अनुवादबाट यहाँ नेपालीमा प्रत्यनुवाद गरिएको हो। ]

राजा जयदेव मल्लले ललितपाटन र कान्तिपुरमा र आनन्द मल्लले भक्तपुरमा राज्य गरिरहेको समयमा, शाके संवत् ८११ र ने. सं. ९ ( वि. सं. ९४६ ) श्रावणशुदि ७ शनिवारको दिन नान्यदेव राजा दक्षिण कर्णाटक देशबाट आए र नेपाल पसे। तिनले आफूसँगै

शाक सहकालसंवत् ल्याए र चलाए। तिनीसँगै भएका सिपाहीहरूमध्ये नायेर भन्ने देशबाट आएका नेबारहरू थिए। तिनीहरू ब्रह्मपुत्र छेत्री र आचार थिए। तिनले आफूसँग माजु र स्वेखू भन्ने दुइ देवता ल्याए र मल्ल राजाहरूलाई हराएर उनले तिनीहरूलाई तिरहुतमा भाग्नुपर्ने पारे। तिनले आफ्नो दरबार भक्तपुरमा राखे र यहाँ र ललितपाटन र कान्तिपुरमा पनि राज्य गरे। तिनको वंशका राजाहरू तल लेखिएबमोजिमका छन्–

१. नान्यदेवले ५० वर्ष राज्य गरे।

२. तिनका छोरा गङ्गादेवले ४१ वर्ष राज्य गरे।

३. तिनका छोरा नरसिंहदेवले ३१ वर्ष राज्य गरे।

तिनको पालामा, ने. सं. १११ ( वि. सं.१०४७) मा, फाल्गुनशुदि ६ मा ललितपाटनका राजा मल्लदेव र कथ्य मल्लले चापागाउँ बसाले। त्यस वेला चापागाउँलाई चम्पापुरी भनिन्थ्यो।

४. तिनका छोरा शक्तिदेवले ३९ वर्ष राज्य गरे।

५. तिनका छोरा रामसिंहदेवले ५८ वर्ष राज्य गरे। ...

६. तिनका छोरा हरिदेव।

तिनले आफ्नो दरबार काठमाडौँमा सारे। ...

हरिदेव राजाको पालामा पाटनका मन्त्री, रैती र सिपाहीहरूले विद्रोह गरे र राजाले काठमाडौँका आफ्ना मन्त्री र सिपाहीहरूसँग विद्रोह दबाउन जाँदा उनले हारेका थिए र उनी थम्बहीलसम्म लखेटिएका थिए।

यस वेला तिनको नोकरीमा एकजना मगर थियो। मन्त्रीहरूको जालझेलले गर्दा अबदेखि नचाहिने भएर ऊ बरखास्त गरिएको थियो। यो मान्छे आफ्नो घर फर्क्यो र सुनका छाना र सुनका धारा भएका घरहरू भएको भनेर यसले नेपालको तारीफ गर्‍यो। बहादुर र शक्तिशाली राजा मुकुन्द सेनले यो सुनेर प्रशस्त घोडचढी सिपाहीहरूसँग नेपाल आए र रामसिंहदेवका छोरा राजा हरिदेवलाई हराए। नेपाली सिपाहीहरूमध्ये केही काटिए, अरू भागे। तीनै शहरमा ठूलो हूलदङ्गा भयो। सिपाहीहरूको डरले गर्दा दुनियाँहरूले मूला गाडे र धान काटेर कुनिउँ लाए र धानमाथि माटो थुपारेर धान लुकाए। विजयी सिपाही-हरूले देवताहरूका मूर्ति फोडे र बेरूप पारे तथा मच्छीन्द्रनाथको अगाडि राखिएका भैरवलाई आफ्नो देश पाल्पा र बुटवलमा पठाए।

राजा मुकुन्द सेन जुन दिन पाटन पुगे, त्यस दिन पुजारीहरू मच्छीन्द्रनाथको स्नानजात्रा गरिरहेका थिए। सिपाहीहरूलाई देखेर देवतालाई डबलीमै छोडेर तिनीहरू भागे। मच्छीन्द्रको सुनको चँदुवामा रहेका पाँचवटा नागहरूले त्यस वेला तिनको शिरमा पानीका पाँच धारा छोडे। मुकुन्द सेनले यो देखे र यस्ता ठूला शक्तिशालीको आदरले गर्दा आफ्नो घोडाको गलाको शोभा बढाइरहेको सुनको सिक्री मूर्तिमाथि हुत्याए। मच्छीन्द्र आफैँले

यो लिए र आफ्नो गलामा यो लाए तथा सो मूर्तिको गलाबाट यो सिक्री कहिल्यै झिकिएको छैन ।

यी राजासँगै खस र मगर जात नेपाल आए । दया नभएका यी मानिसहरूले ठूलठूला पाप गरे र पशुपतिको अघोर मूर्ति ( दक्षिणपट्टिको मुख )ले डरलाग्दा दाँत देखायो र महामारी नाउँ भएकी देवीलाई पठायो । ती देवीले एक पक्षभित्र मुकुन्द सेनका सिपाहीहरूलाई मुलुकबाट हटाइदिइन् । राजा मात्र संन्यासीको भेष लिई पूर्वतिर उम्किए । त्यहाँबाट आफ्नो देश फर्कँदा तिनी देवीघाटमा आइपुगे र त्यहीँ मरे । यस बेलादेखि खस र मगर त्यस देशभित्र आए र सिन्की र हकुवा बनाइएका थिए। कर्णाटकी राजाहरूले पाँच पुस्ता राज्य गरे । छैटौँ पुस्तामा हरिदेव मुकुन्द सेनद्वारा हराइएका थिए, मुकुन्द सेनका सिपाहीहरू महामारीद्वारा नासिए । यसपछि सात आठ वर्षसम्म नेपालमा कोही राजा भएन ।

गद्दी खाली देखेर नोआकोटका वैश ठाकुरी राजाहरू आए र रजाइँ गर्न थाले। ललितपाटनमा हरेक टोलको आफ्नै राजा थिए । कान्तिपुरमा बाह्र राजा थिए । तिनीहरू झिनिह्मथ-कुल कहिन्थे । भातगाउँमा पनि एक जना ठाकुरी राजा थिए ।

**[ नेपाली भाषामा लेखिएको यस वंशावलीको माथि उद्धृत अंशको अङ्ग्रेजी अनुवाद वि. सं. १९३९ मा केम्ब्रिजबाट केम्ब्रिज युनिभर्सिटी प्रेसद्वारा प्रकाशित डानियल राइटद्वारा सम्पादित** *हिस्टरि अफ् नेपाल् विथ् यान् इन्ट्रडक्टरि स्केच् अफ् द कन्ट्रि यान्ड् पीप्ल् अफ् नेपाल्* **( नेपालको मुलुक र दुनियाँको परिचयात्मक वर्णनको साथै इतिहास ) को मूल भागका १६७,१७०–१७२ पृष्ठमा छापिएको छ । त्यही अङ्ग्रेजी अनुवादबाट यहाँ नेपालीमा प्रत्यनुवाद गरिएको हो ।]**

इन्दुश्च सोमवसुसंमितशाकवर्षे तच्छ्रावणस्य धवले मुनितिथ्यधस्तात्

स्वातौ शनिश्चरदिने रिपुमर्दलग्ने श्रीनान्यदेवनृपतिर्विदधीत राज्यम्

शाके संवत्‌को ८११ वष जांदा नेपाली संवत्‌को १० ( ९ ) वर्ष जाँदा यिनै जयदेव मल्ल आनन्द मल्लका पालामा दक्षिण कर्णाटक देशदेखि नान्यदेव राजा आई यो नेपालमा प्रवेश गरी ह्रिमाजु देवी स्वेष्टदेवतासहित गरी आई नेपालका राजाहरूसित लडाइं गरी जिती ती राजाहरूकन भगाया । ती मल्ल राजाहरू भागी तिह्लौतमा बस्न गया । यी कर्णाटकका राजाका सैन्यमा धेरै जातका मानिस साथ थिया । नायर देशका बासिन्दा नेवारहरू ब्रम्हपुत्र क्षत्रीजातिदेखि उत्पन्न भयाका जात आचारहरू आदि अनेक जातका मानिस थिया । यी राजाले राजधानी सहर भक्तपुर गरी बास गरी तीनै सहरका राजा भै रह्या राजाका नाम नान्यदेव भोगवर्ष ५० यिनै राजाले नेपालमा शाकेसंवत् ल्याई चलाइदिया । अस्य पुत्र गांगदेव वर्ष ४१ अस्य पुत्र नरसिंहदेव वर्ष ३१ अस्य पुत्र शक्तिसिंहदेव ३९

अस्य पुत्र रार्मसिहदेव वर्ष ५८ यिन राजाका पालामा पश्चिम पालपा देशदेखि कलि ४३५९ मा मुकुन्दसेन नाम गर्‍याका बडो वीर राजा सवा लाख लस्कर साथ गरी यस नेपाल पुरीमा प्रवेश गरी नेपालका राजाहरूसित ठूलो अति कठोर युद्ध गर्‍या । दुवै तर्फका सैन्य धेरै मर्‍या । परन्तु सेन राजाले नेपालको राजाको लस्कर धेरैकन मारी जिती भगाया । सबै सहरमा बेनीतिसित प्रजाहरूकन दलमल गरी लुटपीट गरी मूला उखेली खाडल खनी राखी धान सबै काटी कुटी कुनियो लाई ठाउँ ठाउंका देवताहरू भंग गरी ताडी भाँची मछिन्द्रनाथका जात्रामा निकासिराख्न्या भैरवका मूर्ति उखाली आफ्ना स्वदेश पालपा नाम बुटौली देश पठाइदिया अद्यापि पालपामा छँदैछन् ।

यी मुकुन्दसेन राजाले नेपालका प्रजा वशमा राखी राज्यभोग गर्नाको बन्दोबस्त नगरी प्रजाह रूकन मार पीट गरी अन्नाद काटी देवताको स्थान बिगारी मनग्य गर्‍या । यी सेन राजाका सैन्यमा खस मगर आदि पर्वतवासी थिया । यिनीहरूका मनमा दया धर्म नहुनाले नेपाल पुरीमा धेरै अकीर्ति गर्‍या र श्रीपशुपतिनाथ आदि सबै देवता कोप भै पशुपतिका अघोर मुखले विकटदन्त निकासीकन महामारी भन्याकी संहारकारी देवी प्रकट गरी सबै लस्करमा प्रवेश गराई श्रीपशुपतिनाथबाट एक पक्षभित्रमा सबै लस्कर भस्म गराई सेन राजाका सब सेनालाई यमलोक पठाया । राजामात्र पूर्व दिशामा जाई पुग्या ।

यी मुकुन्दसेन राजाले नेपालमा प्रवेश गरी लडाइं गर्दा मछिन्द्रनाथ लगनखेलका स्नान मण्डलमा थिया । धेरै सेनासाथ वैरी आयो भन्न्या सोहरा सुन्दैमा सबै यात्रा देख्नकन गयाका मानिस भागी गया । मछिन्द्रनाथका साथ कोही मानिस थियानन् । उस्तै बखतमा आफ्ना सैन्यलाई सहरतिर पेर्न लाई मुकुन्दसेन राजा मछिन्द्रनाथ भयाका ठाउँमा पुगी आफ्ना घोडाको गलाको सिक्री माला झिकी उरालिदिंदा मछिन्द्रनाथले सिर झुकाई आफ्ना गलामा पारी लिँदाभया । यसै कारण मुकुन्दसेन राजाले मछिन्द्रनाथको बडो प्रत्यक्ष मानो उनमाथि केही विघ्न सेन राजाबाट हुन पाएन । त्यो सिक्री माला मछिन्द्रनाथका गलामा अद्यापि छँदैछ ।

यही समयदेखि नेपालमा खस मगरहरूको प्रवेश भयो । सिन्की हकुवा चावल पनि यही समय देखि बन्न गयाको हो ।

कर्णाटकको राजाहरूले पाँच पुस्तासम्म नेपालमा भोग गरिरहँदा मुकुन्दसेन राजा आई अघिका राजकुल निर्मूल गर्‍याउप्रान्त नेपालमा कर्णाटकी राजाका वंश शून्य भै अरू कोही भयाका छैनन् भनी सुन्या र नुवाकोटवासी वैश्यहरू धेरै जम्मा भै आई सहरहरूमा राजा कहलाई धेरै जनाले भोग गर्‍या । कान्तिपुरमा त वैश्यहरू १२ ठकुरी कहलाई टोल टोलमा एक एक राजा भया ।

( वि. सं. २०२३ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग

नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित देवीप्रसाद लम्सालद्वारा सम्पादित *भाषावंशावली* २ भागका २६–२८ पृष्ठ )

यहांदेखि नेपाली सम्वत् २१८ शाके संवत् १०१९ दक्षिण कर्णाटक देशदेखि नान्यदेव राजाले नेपालका दक्षिण मध्येस सिमरौनगढमा प्रवेश गर्दा भया ।

नन्देन्दुशून्यशशिसम्मितशाकवर्षे । तद्धापणस्य धवले मुनी तर्क्ष हस्ताद् ।
स्वात्यां शनैश्चरदिने रिपुमर्दलग्ने । श्रीनान्यदेवनृपतिर्विदधात्तु राज्यं ।

श्री राजाले शाके संवत् ल्याई चलाया । यी राजासित आएका नायाब भन्याका नायर देशवासी नेवारहरू ब्राह्मणपुत्र क्षत्रिय जातदेखि उत्पन्न भयाका आचार्यहरू अनेक जातसंग गरी बीमाजु देवता स्वइष्ट देवतासहित गरी आफू नेपालका राजासित लडी जित्ती राजाहरू भगाई भक्तपुरमा वसी नित्य हजारका राज्य गर्दा भया । मल्ल राजाहरू यिनका पालामा भागेका उत्तर बस्न गया । यी मान्यदेव राजाको भोग वर्ष ५० । अस्य पुत्र गंग देव वर्ष ४१ । अस्य पुत्र नरसिंह देव वर्ष ३१ । अस्य पुत्र वमनदेव वर्ष ३९ । अस्य पुत्र रामसिंह देव वर्ष ५८ । यी राजाका पालामा पाल्पाका राजा महावीर पुरुषार्थी मुकुन्द सेन आई सवा कोटि लश्करसाथ नेपाल जिती प्रवेश गरी शहर शहरमा ठलमल भए । यिनका लश्करले खेतको मूला काटी खाडल खनी राखो धान काटी कुनियो लाई ठाउं ठाउंका देवताहरू सबै डाकी भैरव भगवती आवाहन गरे । यहांपछि मछेन्द्रनाथका रथअगाडि राख्ने भैरव उखेली आफ्ना स्वदेश पाल्पा (बटोली)मा दिपठाया । सो अद्यापि छंदैछ । यी राजा ललितपत्तन पुग्दाका दिनमा मछेन्द्रनाथजात्रा लगनखेल डबली पुगी स्नान कर्म गराउंदा राजाको लश्कर आयाको देखी मछेन्द्रनाथ छाडी भागी गया । सो बखत मच्छेन्द्रका सुनको चंदुआमा कुण्डचाइ-राखेका नाग ५ का मुखबाट आयाको पानीका धाराले मच्छेन्द्रनाथका स्नान मै रहेको राजा मुकुंद सेनले देखेर यी बहुतै प्रत्यक्ष देवता रहेछन् भनी आफुले चढेका घोडाका गलाको सुनको सिक्री झिकी डबलीमा रहेका मच्छेन्द्रतर्फ फाली चढाउंदा आफुले गलामा थापी लिनु-भयाको सिक्री अद्यापि छंदैछ । यी खस मगरहरू साह्रै दयाशून्य हुंदा नेपालमा अकीर्ति गरेकोले श्री पशुपतिनाथ आदि सबै देवता कोप भै श्री पशुपतिनाथका मुहारमा दाह समेत निस्की आयाको सबै राजा प्रजाहरूले देख्या ! त्यसपछि नेपालमा महामारी प्रवेश मै १ पक्षका भित्र राजा मुकुंद सेनका लश्कर सबै साफ पारी यमलोक पठाइदिया । राजा एकलै फकीरको भेष गरी पूर्व दिशा गै त्यहींबाट आफ्ना स्वदेशमा गया । यी राजा मुकुंद सेनका प्रवेशदेखि नेपालमा खस मगर प्रवेश भयाका हुन् । (खाडल खनी राखेको मुलाको सिन्की र कुनियो धान हकुवा बनी गयाकोले सो चलन अद्यापि चलेकैछ) ।

कर्णाटक राजाले पांच पुस्ता राज्य गरेपछि मुकुंद सेन आई साफ गरेकोले नेपालमा राजा

शून्य भएको सुनी नुवाकोटवासी वैश्य ठकुरीहरू धेरै आई सबै शहरको भोग गऱ्या। ललितपुरमा वैश्यहरू २४ टोल टोलमा राजा भया। यिनै वर्ष कान्तिपुर बारह टोलमा एक एक राजा भया।

(वि. सं. २०२५ मा श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपालको* ५. संख्यामा छापिएको बालचन्द्र शर्माद्वारा सम्पादित *काठमाडौं-उपत्यकाको एक राजवंशावली*, सो अङ्कको १ पृ.)

... आनन्ददेवले विक्रम संवत् ९३० माघ कृष्ण प्रतिपदा सोम वारका दिन भक्तपुर शहरको समेत राज्य पाई वर्ष २० संम राज्य गरे।...

यिनका शेषपछि यिनका छोरा रुद्रदेवले कान्तिपुरमा वर्ष ८।१ राज्य गरे। . . .

यिनका छोरा मित्रदेवले बाबुको राज्य सह्माली वर्ष २२ राज्य गरे।...

यिनका छोरा अरिदेवले वर्ष २५।१० राज्य गरे। यिनले शासन गर्दा मल्लविद्या जान्ने मानिसहरू जम्मा गरी मल्लविद्याको रमिता हेर्दथे र आफू पनि मल्लविद्या सिक्दथे। यिनलाई मल्लविद्यामा ठूलो सोख थियो। यिनले मल्लविद्या सिकिरहेका बखतमा छोराको जन्म भएको हुनाले उनको नाउँ अभय मल्ल भन्ने राखे। त्यसपछि उनले मल्ल भन्ने पदवी चलाई सन्ततिहरूमा पनि प्रचार गराए।

यी अभय मल्लले वर्ष ४२।६ राज्य गरे।

यिनका शेषपछि यिनका छोरा जय मल्लले वर्ष ४२ राज्य गरे।

यिनका भाइ अनन्त मल्लले यिनका शेषपछि ३५।११ राज्य गरे। यिनका पालामा दक्षिण कर्णाटक देशमा जन्म भई सिमांगढमा राजा भएका नान्यदेवले धेरै फौज लिई आफ्ना इष्टदेवता ढ्विमाजुका साथमा नेपालमा प्रवेश गरे। भक्तपुरका राजालाई लडाईंमा जिती तेह्रौतमा धपाए। अनि आफू राजा भई बसे। यी राजाका साथमा दक्षिण नायर देशका बासिन्दा नेवारजात, त्यसै ठाउँका ब्राह्मणबाट क्षत्रिणीमा जन्मेका ब्रह्मपुत्रक्षत्री जात (आचार), श्रेष्ठ, ज्यापू आदि गरेका धेरै जातका मानिस आएका हुनाले तिनीहरूलाई पनि यहीं बास गराए। मल्ल राजाहरू मिथिलादेशमा गई बसे। यी राजा नान्यदेवले राजधानी भक्तपुरमा बसी तीनै शहरको गरी वर्ष ५० राज्य गरे। उनले आफ्ना राज्यमा दक्षिण कर्णाटकतर्फ चलेको शालिवाहन शाके संवत्‌को व्यवहार नेपाल देशमा पनि प्रचार गराए।

यिनका शेषपछि यिनका पुत्र गांगदेवले वर्ष ४१ राज्य गरे।

यिनका शेषपछि यिनका पुत्र नृसिंहदेवले वर्ष ३१ राज्य गरे।

यिनका शेषपछि यिनका पुत्र शक्तिदेवले वर्ष ३९ राज्य गरे।

यिनका शेषपछि यिनका पुत्र रामसिंहले वर्ष ४८ राज्य गरे।

यिनले राज्य गर्दा यिनका जेठा छोरा हरिदेवले कान्तिपुरमा बसी त्यहाँकै शासन गरेका थिए ।...

केहो दिनपछि राजा हरिदेवलाई पाटनका लश्करहरूले मान्न छोड्दा मन्त्रीका सल्लाहले उनले पाटनका लश्करसित लडाईं गरे । पाटनका लश्करहरूले पनि लड्दै आई कान्तिपुरका लश्करलाई लघार्दै ल्याउँदा कान्पिुरका मन्त्री सिपाहीहरू लड्न नसकी भाग्दै ठबहीलसंम पुगे ।

यिनै ताका यी राजाले एक मगरलाई खर्च दिइराखेका थिए । पछि मन्त्रीहरूले खेल गरी राजालाई चुक्ली लगाउँदा ती मगरले थाहा पाई रिसाएर आफ्ना घर पाल्पामा गए । उनले उहाँका राजा मुकुन्द सेनसंग नेपालमा सुनका छाना र सुनका धारा छन् भनी विन्ति गरे । राजा मुकुन्द सेन पनि नेपाल हेर्न जान्छु भनी सबालाख फौजका साथ मुलुकहरू जित्दै नेपाल उत्रे । उनले राजा हरिदेवलाई जितेर तिरहुततर्फ धपाई आफूले नेपालको राज्य गरे ।

राजा मुकुन्द सेनले नेपालमा वर्ष ११ राज्य गरे । यिनसंग आएको खसमगर जातको फौज अतिनिर्दयी हुनाले दुनियाँलाई बेनीतिसंग दुःख दिन्थे । डरले गर्दा दुनियाँहरूले मूला उखेली खाल्डामा हाले, सिन्की बन्यो । धान नक्तारी थुप्र्याए, हकुवा बन्यो । उनीहरूले ठाउँठाउँका देवताहरूलाई तोडे । मत्स्येन्द्रनाथको यात्रामा निकाल्ने भैरवको मूर्ति पनि उखेली आफ्ना देशमा पठाए । त्यो मूर्ति अद्यापि पाल्पामा छँदैछ । मुकुन्द सेनले नेपालको राजपाठको केही बन्दोवस्त गरेनन् । यिनका साथमा दया धर्म केही नभएका खसमगर जात मात्र हुनाले उनीहरूले दुनियाँलाई बेहकमा दुःख मात्र दिन्थे । यसरी देवस्थलको नाशसमेत गर्दा श्री पशुपतिनाथले रिसाई दक्षिण अघोरमूर्तिदेखि विकट दन्त निकाले । अनि उनका फौजमा महामारी रोग प्रवेश गराई खसमगरको फौज नाश गरे । त्यसपछि राजा मुकुन्द सेन सन्यासी-को रूपमा पूर्वदिशातर्फ तीर्थयात्रा गर्दै उडीसादेशमा पुगी जगन्नाथको दर्शन गरेर अरू तीर्थ गर्दै गण्डकी नदीका तीरमा देवघाट भन्ने ठाउँमा सिद्ध भए ।

यिनले नेपालमा प्रवेश गर्दा मत्स्येन्द्रनाथले लगनखेलमा स्नान गर्ने दिन थियो । यो खबर सुनी यात्रा हेर्ने सबै भागी आफाफ्ना घरमा गई लुके । त्यहाँ कोही पनि रहेनन् । खालि मत्स्येन्द्रनाथका सुनका चंदुवामा झुंड्याइराखेका पाँच नागका मुखबाट पानीको धारा निस्की मत्स्येन्द्रनाथका शिरमा परेको देखिन्थ्यो । राजा मुकुन्द सेनले फौजलाई शहरमा घेरा दिन पठाई आफू दर्शन गर्न गए । मत्स्येन्द्रनाथका शिरमा नागका मुखबाट निस्केका जलको अविच्छिन्न धारा परेको देखे । आश्चर्यपूर्वक यी प्रत्यक्ष देवता हुन् भन्ने ठानी आफ्ना घोडाको गलाको सिक्री टाढैबाट चढाए । मत्स्येन्द्रनाथले पनि शिर झुकाई स्वीकार गरे । त्यो सिक्री अद्यापि छँदैछ ।

यी राजा तीर्थ गएपछि नेपालमा राजा नहुँदा खस मगर मात्र छन्, राजा छैनन् भन्ने थाहा पाई नवकोटका वैश्यठकुरीहरूले नेपालका प्रजाहरू हात लिई तीनै शहरको राज्य गरे । कान्तिपुरमा बाह्र ठकुरील टोलटोलमा एकएक राजा भई राज्य गरे । पाटन शहरका टोलटोलमा पनि यिनै वैश्यठकुरीहरू राजा भए । भक्तपुरमा पनि यिनै राजा भए ।

( वि. सं २०२८ मा *प्राचीन नेपाल* १६ सङ्ख्यामा प्रकाशित *नेपाल देशको इतिहास*, सो अङ्कका ८,१०-१२ पृष्ठ )

छापिइसकेका, प्रायः एकैनासका यी पाँच थरी वंशावलीका लम्बेतानका यी उद्धरण छापेर *पूर्णिमा*का पृष्ठका पृष्ठ भर्नुको सट्टा एउटा वंशावलीको अंश छापे पुगिहाल्छ भन्ने तर्क पनि हाम्रो मनमा नउठेको होइन । यी पाँच थरी वंशावली प्रायः एकैनासका भए पनि प्रत्येकमा थोरथोर फरक अवश्य भएकोले मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको बिषय लिई लेखिएको यस निबन्धमा ती सबै वंशावलीका सम्बद्ध अंश दिएको खण्डमा विचार गर्न सजिलो पर्ने ठहराई त्यसैअनुसार गरेका हौँ ।

मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरेको विषयमा लेखिएको यस निबन्धमा वंशावलीका माथि उद्धरण गरिएका अंशको चर्चा वारंवार गर्नुपर्ने र हरेक पटक यी वंशावलीको पूरा नाउँ दिँदा लेख भद्दा हुने डर भएकोले अब सबभन्दा पहिले यी वंशावलीको छोटकरी नाउँ राख्नुपरेको छ ।

विक्रमजित् हसरतले सम्पादन गरेको वंशावली = १ सङ्ख्या
डानियल राइटले सम्पादन गरेको वंशावली = २ सङ्ख्या
देवीप्रसाद लंसालले सम्पादन गरेको वंशावली = ३ सङ्ख्या
बालचन्द्र शर्माले सम्पादन गरेको वंशावली = ४ सङ्ख्या
पुरातत्त्वविभागले सम्पादन गरेको वंशावली = ५ सङ्ख्या

अब यी प्रत्येक वंशावलीबाट मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरेको समय निकाल्ने प्रसङ्गमा केही लेख्नुपरेको छ । तीन सङ्ख्यालाई छोडेर बाँकी अरू ४ वटा वंशावलीमा मुकुन्द सेनको हमलाको समय नतोकिएकोले घुमाउरो रूपले आसन्न समय निकाल्ने प्रयत्न गर्नुपरेको छ ।

सबभन्दा पहिले १ सङ्ख्याबाट हाम्रो काम शुरू गरौँ । आनन्द मल्लले ३५ वर्ष राज्य गरे र उनको पालामा नेपालसंवत् शुरू भयो भनी १ सङ्ख्यामा लेखिएको छ । त्यस-पछि त्यहाँ नेपालसंवत् चलाउने मान्छेले ने. सं. १० मा पशुपतिमा आफ्नो सालिक राखेको, अनि ऊ मरेको र त्यसपछि मात्र लडाइँमा आनन्द मल्ललाई हराई नान्यदेवले राज्य गरेको कुरा परेको छ ।

एक सङ्ख्याको बयानको हिसाबबाट ने. सं. १०( वि. सं. ९४७ )पछिको कुनै वर्षमा यहाँ नान्यदेवको रजाइँ शुरू भएको देखिन्छ । नान्यदेवले नेपालखाल्डोमा राज्य गर्न थालेको निश्चित समय यस वंशावलीमा नदिइएकोले सजिलोको लागि वि. सं. ९५० बाट उनको राज्य शुरू भएको मानौँ । पचास वर्ष राज्य गरेपछि नान्यदेव मरे र त्यसपछि उनका छोरा गङ्गदेव राजा भए भनी त्यहाँ लेखिएको छ । यस कारण वि. सं. ९५०+५०= वि. सं. १००० लाई नान्यदेवको मृत्यु भएको र उनका छोरा गङ्गदेव राजा भएको समय मानौँ । आफू राजा भएको एक-चालीसौँ वर्षमा गङ्गदेव मरे र उनीपछि उनका छोरा शक्तिदेव राजा भए भनी १ सङ्ख्यामा लेखिएको छ । यस कारण वि. सं. १०००+४१= वि. सं. १०४१ लाई गङ्गदेवको मृत्यु भएको र उनका छोरा शक्तिदेव राजा भएको समय मानौँ । आफू राजा भएको उनन्चालीसौँ वर्षमा शक्तिदेव मरे र उनका छोरा रामसिंहदेव राजा भए भनी १ सङ्ख्यामा लेखिएको छ । यस कारण वि. सं. १०४१+३९= वि. सं १०८० लाई शक्तिदेवको मृत्यु भएको र उनका छोरा रामसिंहदेव राजा भएको समय मानौँ । यिनै रामसिंहदेवको पालामा नेपालखाल्डोमा मुकुन्द सेनको हमला भयो भनी १ सङ्ख्यामा लेखिएको छ । यस कारण १ सङ्ख्याअनुसार मुकुन्द सेनको हमला विक्रमको एघारौँ शताब्दीको अन्त्यतिर भएको देखिन्छ ।

अब २ सङ्ख्यापट्टि लागौँ । एक सङ्ख्याबाट हामीले नान्यदेवको नेपालखाल्डोमा रजाइँ शुरू भएको आसन्न समय मात्र पाएका थियौँ भने २ सङ्ख्याबाट त्यस घटनाको निश्चित समय पाइएको छ । पाटन र काठमाडौँमा जयदेव मल्लको र भक्तपुरमा चाहिँ आनन्द मल्लको राज्य चलिरहेको समयमा शाके संवत् ८११, ने. सं. ९ ( वि. सं. ९४६ ) श्रावणशुक्ल सप्तमी शनिवारको दिन नान्यदेवको नेपालखाल्डोमा प्रवेश भयो र उनले यहाँ ५० वर्ष राज्य गरे भनी २ सङ्ख्यामा लेखिएकोले २ सङ्ख्याअनुसार वि. सं. ९४६+५०= वि. सं. ९९६ सम्म नान्यदेवको राज्य रहेको बुझिन्छ । यसपछि उनका छोरा गङ्गादेवले ४१ वर्ष राज्य गरे भनी त्यहाँ लेखिएकोले वि. सं. ९९६+४१= वि. सं.१०३७ सम्म गङ्गादेवको राज्य रहेको बुझिन्छ । यसपछि उनका छोरा नरसिंहदेवले ३१ वष राज्य गरे भनी त्यहाँ लेखिएकोले वि. सं. १०३७+३१= वि. सं. १०६८ सम्म नरसिंहदेवको राज्य रहेको बुझिन्छ । यसपछि उनका छोरा शक्तिदेवले ३९ वर्ष राज्य गरे भनी त्यहाँ लेखिएकोले वि. सं. १०६८+३९= वि. सं. ११०७ सम्म शक्तिदेवको राज्य रहेको बुझिन्छ । यसपछि उनका छोरा रामसिंहदेवले ५८ वर्ष राज्य गरे भनी त्यहाँ लेखिएकोले वि. सं. ११०७+५८= वि. सं. ११६५ सम्म रामसिंहदेवको राज्य रहेको बुझिन्छ । यसपछि उनका छोरा हरिदेव राजा भए र हरिदेवको पालामा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी २ सङ्ख्यामा लेखिएकोले २ सङ्ख्याअनुसार वि. सं. ११६५ पछिको कुनै

वर्षमा मुकुन्द सेनको हमला भएको बुझिन्छ। यसरी २ सङ्ख्याअनुसार मुकुन्द सेनको हमला विक्रमको बाह्रौँ शताब्दीको उत्तरार्धमा भएको देखिन्छ।

अब ३ सङ्ख्याको काम शुरू गरौँ। दुइ सङ्ख्या जस्तै यहाँ पनि जयदेव मल्ल र आनन्द मल्लको पालामा शाके संवत् ८११ (वि. सं. ९४६) मा नान्यदेवको नेपालप्रवेश भयो भनी लेखिएको छ। दुइ सङ्ख्यामा र यहाँ नान्यदेव र उनका उत्तराधिकारीहरूको क्रम र राज्यभोगवर्ष उही भएकाले रामसिंहदेवको पालासम्म वि. सं. ११६५ बितेको देखिन्छ। यसपछि भने यी दुइ वंशावलीमा केही फरक छ। दुइ सङ्ख्यामा रामसिंहदेवका छोरा हरिदेवको पालामा मुकुन्द सेनले हमला गरे भनी लेखिएकोले वि. सं. ११६५ पछिको कुनै वर्षमा मुकुन्द सेनको हमला भयो भन्ने २ सङ्ख्याका रचयिताको मत देखिन्छ। यस वंशावलीमा भने रामसिंहदेवकै पालामा मुकुन्द सेनको हमला भयो भनी लेखिएकोले रामसिंहदेवको राज्यकाल वि. सं. ११०७ देखि ११६५ भित्रको कुनै वर्षमा मुकुन्द सेनको हमला भयो भन्ने मत ३ सङ्ख्याको देखिन्छ। एक सङ्ख्यामा पनि रामसिंहदेवको पालामा मुकुन्द सेनको हमला भयो भनी लेखिएको कुरा यहाँनिर स्मरणीय छ।

अरू ४ वंशावलीभन्दा त्यस वंशावलीमा पाइएको वैशिष्टयमा पनि यहाँनिर हामीले दृष्टि दिनुपरेको छ। त्यो के हो भने त्यहाँ मुकुन्द सेनको हमलाको निश्चित समय दिइनु। त्यहाँ मुकुन्द सेनले कलि ४३५९ (४३५९-३०४४= वि. सं. १३१५) मा हमला गरे भनी स्पष्टसँग लेखिएको छ। यसैले अरू वंशावलीबाट जस्तो नेपालसंवतको शुरू वा त्यस्तै अरू निश्चित संवत् दिई लेखिएका घटनादेखि उठाएर जुन राजाको पालामा मुकुन्द सेनको हमला भयो भनी लेखिएको छ, ती राजाको राज्यभोगवर्षसम्म हरेक राजाको राज्यभोगवर्ष जोड्दै आसन्न समय ल्याउने झन्झट यहाँ नगरे पनि हुन्थ्यो। तर यहाँ राजाहरूका राज्यभोगवर्ष जोड्दै ल्याउँदा देखिएको मुकुन्द सेनको हमलाको समय वि. सं. ११०७ देखि ११६५ भित्रको कुनै वर्ष हुने भएकोले र रामसिंहदेवको पालामा कलि ४३५९ (वि. सं. १३१५) मा मुकुन्द सेनले हमला गरे भनी त्यहाँ लेखिएकोले ३ सङ्ख्याको वंशावलीका रचयिताले दिएको मुकुन्द सेनको हमलाको समय व्याघातोक्तिले दूषित छ।

अब ४ सङ्ख्यापट्टि लागौँ। त्यस वंशावलीमा नान्यदेवले ने. सं. २१८ शाके संवत् १०१९ (वि. सं. ११५४) मा नेपालखाल्डो जिते भनी लेखिएको छ। उनले ५० वर्ष राज्य गरे भनी त्यहाँ लेखिएकोले ४ सङ्ख्याअनुसार नान्यदेवको राज्य वि. सं. ११५४+५०= वि. सं. १२०४ सम्म रहेको देखिन्छ। यसपछि उनका छोरा गङ्गदेवले ४१ वर्ष राज्य गरे भनी लेखिएकोले वि. सं. १२०४+४१= वि. सं १२४५ सम्म गङ्गदेवको राज्य रहेको देखिन्छ। यसपछि

उनका छोरा नरसिंहदेवले ३१ वर्ष राज्य गरे भनी लेखिएकोले वि. सं. १२४५+३१= वि. सं. १२७६ सम्म नरसिंहदेवको राज्य रहेको देखिन्छ। यसपछि उनका छोरा वमनदेवले ३९ वर्ष राज्य गरे भनी लेखिएकोले वि. सं. १२७६+३९= वि. सं. १३१५ सम्म वमनदेवको राज्य रहेको देखिन्छ। यसपछि उनका छोरा रामसिंहदेवले ५८ वर्ष राज्य गरे भनी लेखिएकोले वि. सं. १३१५+५८= वि. सं. १३७३ सम्म रामसिंहदेवको राज्य रहेको देखिन्छ। यिनै रामसिंहदेवको पालामा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी ४ सङ्ख्यामा लेखिएकोले त्यस वंशावलीका रचयिताको मतअनुसार रामसिंहदेवको पालामा वि. सं. १३१५ देखि वि. सं. १३७३ भित्रका कुनै वर्षमा मुकुन्द सेनको नेपालखाल्डोमा हमला भयो भन्ने बुझिएको छ।

अब ५ सङ्ख्यापट्टि लागौँ। वि. सं. ९३० माघकृष्ण प्रतिपदाको दिन राजा भएका आनन्ददेवले २० वर्ष राज्य गरे भनी त्यस वंशावलीमा लेखिएकोले वि. सं. ९३०+२०= वि. सं. ९५० माघसम्म आनन्ददेवको राज्य रहेको देखिन्छ। यसपछि आनन्ददेवका छोरा रुद्रदेवले ८ वर्ष १ महीना राज्य गरे भनी लेखिएकोले वि. सं. ९५० माघ + ८ वर्ष १ महीना = वि.सं. ९५८ फाल्गुनसम्म रुद्रदेवको राज्य रहेको देखिन्छ। यसपछि रुद्रदेवका छोरा मित्रदेवले २२ वर्ष राज्य गरे भनी लेखिएकोले वि. सं. ९५८ फागुन+२२= वि. सं. ९८० फागुनसम्म मित्रदेवको राज्य रहेको देखिन्छ। यसपछि मित्रदेवका छोरा अरिदेवले २५ वर्ष १० महीना राज्य गरे भनी लेखिएकोले वि. सं. ९८० फागुन+२५ वर्ष १० महीना = वि. सं १००६ पुससम्म अरिदेवको राज्य रहेको देखिन्छ। यसपछि अरिदेवका छोरा अभय मल्लले ४२ वर्ष ६ महीना राज्य गरे भनी लेखिएकोले वि. सं. १००६ पुस + ४२ वर्ष ६ महीना= वि. सं. १०४९ असारसम्म अभय मल्लको राज्य रहेको देखिन्छ। यसपछि अभय मल्लका छोरा जय मल्लले ४२ वर्ष राज्य गरे भनी लेखिएकोले वि. सं. १०४९ असार +४२= वि. सं. १०९१ असारसम्म जय मल्लको राज्य रहेको देखिन्छ। यसपछि जय मल्लका भाइ अनन्त मल्लले ३५ वर्ष ११ महीना राज्य गरे भनी लेखिएकोले वि. सं. १०९१ असार + ३५ वर्ष ११ महीना = वि. सं. ११२७ जेठसम्म अनन्त मल्लको राज्य रहेको देखिन्छ। यी अनन्त मल्लले राज्य गरिरहँदा नान्यदेवले नेपालखाल्डोमा हमला गरी यहाँ आफ्नो राज्य चलाए भनी ५ सङ्ख्यामा लेखिएको छ। नान्यदेवले ५० वर्ष राज्य गरे भनी त्यहाँ लेखिएकोले वि. सं. ११२७+५०= वि. सं. ११७७ सम्म नान्यदेवको राज्य रहेको देखिन्छ। यसपछि नान्यदेवका छोरा गाङ्गदेवले ४१ वर्ष राज्य गरे भनी लेखिएकोले वि. सं. ११७७+४१ = वि. सं. १२१८ सम्म गाङ्गदेवको राज्य रहेको देखिन्छ। यसपछि गाङ्गदेवका छोरा नृसिंहदेवले ३१ वर्ष राज्य गरे भनी लेखिएकोले वि. सं. १२१८+३१= वि. सं. १२४९ सम्म नृसिंहदेवको राज्य रहेको देखिन्छ। यसपछि नृसिंहदेवका छोरा शक्तिदेवले ३९ वर्ष

राज्य गरे भनी लेखिएकोले वि. सं. १२४९+३९= वि. सं. १२८८ सम्म शक्तिदेवको राज्य रहेको देखिन्छ। यसपछि शक्तिदेवका छोरा रामसिंहले ४८ वर्ष राज्य गरे भनी लेखिएकोले वि. सं. १२८८+४८= वि. सं. १३३६ सम्म रामसिंहको राज्य रहेको देखिन्छ। रामसिंहको पालामा उनका छोरा हरिदेवले काठमाडौँको शासन चलाइरहेको बेलामा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी यहाँ लेखिएकोले वि. सं. १२८८ देखि वि. सं. १३३६ भित्रको कुनै वर्षमा मुकुन्द सेनले यहाँ हमला गरेको देखिन्छ।

मुकुन्द सेनले हमला गरेको समयको विषयमा अब यी पाँचवटै वंशावलीका मत एकै ठाउँमा दिइन्छन् –

१ सङ्ख्याअनुसार– विक्रमको एघाह्रौँ शताब्दीको अन्त्यतिर

२ सङ्ख्याअनुसार– वि. सं. ११६५ पछि (विक्रमको बाह्रौँ शताब्दीको उत्तरार्धमा)

३ सङ्ख्याअनुसार– (१) वि. सं ११०७ देखि ११६५ भित्रको कुनै वर्षमा
(२) वि. सं. १३१५ मा

४ सङ्ख्याअनुसार– वि. सं. १३१५ देखि १३७३ भित्रको कुनै वर्षमा

५ सङ्ख्याअनुसार– वि. सं. १२८८ देखि १३३६ भित्रको कुनै वर्षमा

## तीन

मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी वंशावलीमा जो लेखिएको छ, त्यस विषयमा विभिन्न ऐतिहासिकहरूको के राय रहेछ भन्ने कुरा अब हामीले बुझ्नुपरेको छ।

वि. सं. १९४१ को हिउँदको कुरा हो। नेपाल र उत्तरभारतमा अन्वेषणको लागि घुम्ने क्रममा लन्डनविश्वविद्यालयमा संस्कृतका अध्यापक सेसिल बेन्डल राजपूतानाको मेवाड (उदयपुर) पनि पुगेका थिए। त्यहाँ प्रसङ्गवश उनको भेट त्यहाँका दरबारिया कवि श्यामलदाससँग पनि भएको थियो। त्यस ताका श्यामलदास त्यतातिरको इतिहास खोज्ने लेख्ने काममा लागेका र उनको कामबाट आफूलाई प्रभाव परेको कुरा बेन्डलले आफ्नो यात्रावर्णनमा लेखेका छन्।[३१] मेवाडका

३१. वि. सं. १९४२ मा केम्ब्रिजबाट केम्ब्रिज युनिभर्सिटी प्रेसद्वारा प्रकाशित सेसिल बेन्डलको ए जर्नि अफ् लिट्अरअरि यान्ड् आर्कीओलजिक्ल् रिसर्च् इन् नेपाल् यान्ड् नर्दर्न् इन्डिअ, ड्यूरङ्ग द विन्टर् अफ् १८८४–८५ (वि. सं. १९४१ को हिउँदमा नेपाल र उत्तरभारतमा वाङ्मयसम्बन्धी र पुरातत्त्वसम्बन्धी अन्वेषणको लागि गरिएको यात्रा) का ३०–३१ पृ.
**वीरविनोदको नेपालसम्बन्धी अध्यायका सम्पादक श्रीथियोडोर रिकार्डी, जूनियरले बेन्डल र श्यामलदासको सम्बन्धको विषयमा केही लेख्न सक्नुभएको छैन।**

महाराणा सज्जनसिंहको आश्रयमा रहेका यी श्यामलदासले हिन्दी भाषामा राजपूतानाको विस्तृत इतिहास तयार पारी त्यसको *वीरविनोद* भन्ने नाउँ राखी त्यसलाई वि. सं. १६४७ तिर उदयपुरमा छपाएका थिए । *वीरविनोद* राजपूतानाको इतिहास भए पनि नेपालका शासक पनि राजपूतानाबाट आएका भन्ने अनुश्रुति भएकोले २८०० पृष्ठको आफ्नो इतिहासमा श्यामलदासले नेपालको इतिहासको लागि ८० पृष्ठ ( मूल ग्रन्थका १८०६-१८८८ पृष्ठ ) छुट्ट्याएका छन् ।[३२] वि. सं. १६३७ मा भगवानलाल इन्द्राजीले नेपालका २३ वटा अभिलेखहरूको सम्पादन गरेपछि नेपालका पहिलेका राजाहरूका जुन मिति वंशावलीमा दिइएका छन्, ती मिति त्यहाँ निकै उलटपुलट भएका रहेछन् भन्ने भाव इन्द्राजीको मनमा चढ्न गयो र वंशावलीमा भएका केही असङ्गतिलाई औँल्याई इन्द्राजीले वि. सं. १६४१ मा *नेपालको इतिहासमा केही विचार* भन्ने पाण्डित्यमय लेख लेखेका थिए । इन्द्राजीको सो लेखको प्रभाव हाम्रा श्यामलदासमा पनि पर्न गयो । तर वंशावलीलाई लत्याई प्रामाणिक लेखहरूको आधारमा नेपालको इतिहास लेख्ने आँट पनि उनले गर्न सकेनन् र उनले एउटा सजिलो उपाय निकाले । इन्द्राजीको सो लेखमा प्रसङ्गवश दिइएको वंशावलीको सारांशलाई नै साल संवत् नदिई उल्था जस्तो गरेर उनले आफ्नो काम चलाए । *वीरविनोद*को *नयपाल का इतिहास* भन्ने सो अध्यायमा मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको विषयमा पनि लेखिएको छ । श्यामलदासले लेखेको मुकुन्द सेनको हमलासम्बन्धी यस बयानलाई इन्द्राजीले वंशावलीबाट खिँचेको मुकुन्द सेनको हमलासम्बन्धी बयानको सारांशको साल संवत् छोडेर गरेको उल्था भन्दा खास फरक पर्दैन । श्यामलदासले आफ्नो इतिहासमा मुकुन्द सेनको हमलाको बयान दिएकाले उनले यस घटनालाई सत्य ठानेका रहेछन् भन्ने देखिन्छ ।[३३]

बङ्गालीबाट हिन्दीमा सरयूप्रसाद मिश्रले उल्था गरी कहीँकहीँ आफ्नो तर्फबाट पनि टिप्पणी हाली तयार गरेको नेपालको इतिहास *नेपाल का प्राचीन इतिहास* भन्ने नाउँले बाँकीपुरबाट खड्गविलास प्रेसद्वारा वि. सं. १६६६ मा प्रकाश भएको छ । यस पुस्तकको मूल रूप कसले लेख्यो भन्ने हामीलाई पत्ता छैन । त्यस्तै कहिले कहाँबाट मूल पुस्तक

---

३२. वीरविनोदको नेपालसम्बन्धी अध्यायको सम्पादन गरी श्रीथियोडोर रिकार्डी, जूनियरले वि. सं. २०३२ मा रत्न पुस्तकभण्डारद्वारा प्रकाशित कैलाशको ३ वर्षका १६६-२८६ पृष्ठमा यान् अकाउन्ट अफ् नेपाल् फ्रम् द वीर् विनोद् अफ् श्यामल्दास् ( श्यामलदासको वीरविनोदमा परेको नेपालको बयान ) भन्ने नाउँले छपाउनुभएको छ ।

३३. मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरेको विषयमा ऐतिहासिकहरूले लेखेका कुरा अविकल रूपमा २ परिशिष्टमा दिइएका छन् ।

छापियो भन्ने कुरा पनि हामीलाई थाहा छैन तापनि यस पुस्तकमा वि. सं. १९५१ सम्मका कुरा परेकोले[३४] र "बहुत प्राचीन समय से ले के वर्त्तमान समय तक नैपाल के धारावाहिक इतिहास के विषय यथाशक्ति परिश्रम कर खोजने से जो इकट्ठा करते बन पड़ा तिसे...लिख मैंने पाठकोंके सामने रख दिया"[३५] भनी लेखिएकोले यसै ताका यस पुस्तकको मूल रूप छापिएको देखिन्छ र यसलाई चाँडै नै पुस्तकाकारमा छपाएर प्रकाश गर्ने आफ्नो इच्छा भएको कुरा ग्रन्थकारले लेखेकाले[३६] यो इतिहास बङ्गालीको कुनै पत्रिकामा छापिएको देखिन्छ।[३७] त्यहाँ पनि मुकुन्द सेनको हमलाको विषयमा वंशावलीमा लेखिएका कुरा दिएर पनि वंशावलीमा परेका असङ्गति बुझेका[३८] अज्ञातनामा ती बङ्गाली ऐतिहासिकले वंशावलीका यी सबै कुरा बहुधा झूटा र बनावटी देखिन्छन भनी लेखेकाले उनको मनले यो कुरा नखाएको स्पष्ट देखिन्छ। उनले वंशावलीको यो कुरा नपत्याउनमा मूल कारण वंशावलीमा यस प्रसङ्गमा आएका तिथिमिति विश्वासै गर्न नसकिने भएकोले हो। यस प्रसङ्गमा उनले कलिगतवर्ष ३८५१ ( वि. सं. ८०७ ) का सदाशिवदेवपछिका आठौँ पुस्ताका जयदेवमल्लको पालामा वि. सं. ९३७ मा नेपालसंवत् चल्यो भनी लेखिएको र वंशावलीमा नान्यदेवको जुन समय दिइएको छ, त्यो समय नान्यदेवको वास्तव समयभन्दा दुइ सय वर्षभन्दा पनि अगाडि हुन जाने कुरा औँल्याएका छन ।

पेरिसमा संस्कृतका अध्यापक सिल्भाँ लेभीले तीन भागमा लेखेको नेपालको इतिहास वि. सं. १९६२–६५ मा पेरिसमा प्रकाश भएको थियो। अहिलेका ऐतिहासिकहरूलाई उपलब्ध भएका ऐतिहासिक साधनहरूको तुलनामा अत्यन्त कम ऐतिहासिक साधन उपलब्ध भएको जमानामा लेखिएको सो पाण्डित्यमय इतिहास आज सत्तरी वर्ष बितिसक्दा पनि अझै कति ठाउँमा उपादेय र मननीय नै छ। मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको विषयमा नयाँ ( नेपाली भाषामा लेखिएका) वंशावलीहरूमा जे लेखिएको छ; त्यसको तात्कालिक लिखत, पुराना वंशावली ( *गोपालराज-वंशावली* आदि ) र अरू साधनको आधारमा वि. सं. १९६२ मा सिल्भाँ लेभीले गरेको

---

३४. वि. सं. १९६६ मा बाँकीपुरबाट खड्गविलास प्रेसद्वारा प्रकाशित सरयूप्रसाद मिश्रद्वारा बङ्गालीबाट हिन्दीमा उल्था गरिएको नेपाल का प्राचीन इतिहासको १५४ पृ.

३५. उही

३६. उही

३७. पारसमणि प्रधानको भनाइअनुसार यो इतिहास नव्य भारतमा छापिएको हो। ( वि. सं. २०२९ मा कालिम्पोङबाट पी. एस. प्रधान एण्ड सन्सद्वारा प्रकाशित पारसमणि प्रधानको नेपाली भाषाको उत्पत्ति र विकासको दोस्रो संस्करणको १९ पृ.

३८. नेपाल का प्राचीन इतिहासका १८–१९,२५–२६,६१ पृ.

परीक्षा यस सन्दर्भमा स्मरणीय छ ।

नेपालसंवत् शुरू हुँदा राज्य गरिरहेका आनन्द मल्लको पालामा नान्यदेवले नेपालखाल्डोमा हमला गरे भनी वंशावलीमा लेखिएको कुराको तथ्यातथ्यविमर्श गर्ने कोशिश गरी लेभीले यस विषयलाई शुरू गरेका छन् । नेपालसंवत्को शुरू वि. सं. ९३७ मा भएकोले र नान्यदेवको समय वि. सं. ११५४ भएकोले नेपालसंवत्को प्रारम्भताका नेपालखाल्डोमा राज्य गरिरहेका आनन्द मल्लको राज्यमा वि. सं. ११५४ ताकाका नान्यदेवले हमला गर्नु असम्भव भएकोले लेभीले वंशावलीमा लेखिएको यस कुरालाई मान्न सकेनन्। त्यससाथि आनन्द मल्ल भन्ने कुनै राजाको चर्चा तात्कालिक लेखहरूमा लेभीले नपाएकाले उनको शङ्कालाई झन् बल मिल्न गयो । तर वंशावलीमा दिइएको यस सूचनालाई त्यसै लत्याउन पनि लेभीले सकेनन् र यस समस्याको समाधान आफ्नै ढङ्गले गर्ने कोशिश उनले गरे । आनन्द मल्ल भन्ने कुनै राजाको नाउँ कुनै प्रामाणिक लिखतमा नआए तापनि वि. सं. १३३५ देखि १३५६ सम्मका तात्कालिक लिखतहरूमा राजाको रूपमा देखिएका, ३० वर्ष जति राज्य गर्ने भनी पुराना वंशावलीहरूमा लेखिएका अनन्त मल्ललाई नै नयाँ वंशावलीहरूमा आनन्द मल्ल भनेको हुनुपर्छ भन्ने निष्कर्षमा लेभी पुगे । नान्यदेवका वंशजको पालामा नेपालखाल्डोमा मुकुन्द सेनले हमला गरे भनी वंशावलीहरूमा लेखिएको कुरालाई पनि लेभीले त्यसै लत्याउन सकेनन् र उनले त्यसको अनौठो व्याख्या गरे । पाल्पामा मुकुन्द सेन नाउँ भएका केही राजाहरूको उल्लेख पाल्पाको इतिहासमा आए तापनि यतिअगाडि कुनै मुकुन्द सेनको चर्चा नआएकोले लेभीले हमलावरको नाउँ मुकुन्द सेन भनी मान्न सकेनन् र उनले *गोपालराजवंशावली*को आधारमा यस प्रश्नको समाधान गर्ने कोशिश गरे । वि. सं. १३४४ मा खस राजा जितारि मल्लले नेपालखाल्डोमा भयानक हमला गरेको तथा वि. सं. १३८४ मा खस राजा आदित्य मल्लले नेपालखाल्डोमा हमला गरेको कुरा *गोपालराजवंशावली*मा भएकोले पश्चिमबाट खसहरूले गरेको हमलालाई वंशावली लेख्नेले खस र मगर साथ लिई मुकुन्द सेनले गरेको हमला भनी सम्झेको हुनुपर्छ भन्ने भाव लेभीको लेखबाट झल्कन्छ । त्यस्तै वि. सं. ११५४ ताकाका तिरहुते राजा नान्यदेवले नेपालखाल्डोमा हमला गरेको कुराको प्रामाणिक उल्लेख नपाइए तापनि तिरहुते राजाले वि. सं. १३४७ मा नेपालखाल्डोमा हमला गरेको उल्लेख *गोपालराजवंशावली*मा पाइएकोले नान्यदेवले हमला गरे भनी नयाँ वंशावलीमा लेखिएको कुरा वि. सं. १३४७ को हमलाको विषयमा हो भन्ने भाव लेभीको देखिन्छ ।

नेपाली भाषामा छापिएको नेपालको सबभन्दा पहिलो इतिहास अम्बिकाप्रसाद उपाध्यायको *नेपालको इतिहास* हो। वि. सं. १९५६ मा पहिलो पटक छापिएको यस इतिहासका वि. सं. १९८६ मा र २००४ मा गरी अरू २ संस्करण पनि भएका थिए र यो इतिहास आफ्नो

समयमा निकै चलनचलतीमा थियो । यस इतिहासमा पनि मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको बयान वंशावलीअनुसार दिइएको छ ।

राइटको वंशावलीमा कर्णाटकबाट आई नेपालखाल्डोमा राज्य गर्ने नान्यदेवका छैटौँ पुस्ताका हरिदेवको पालामा पाल्पाबाट मुकुन्द सेनले हमला गरे भनी लेखिएको कुरा त माथि परिसकेकै छ । सोही वंशावलीमा अर्को ठाउँमा अयोध्याका राजा हरिसिंहदेव मुसलमानहरूले चापेकाले अयोध्याबाट भागेर सिम्रौनगढ आए र त्यताबाट शकसंवत् १२४५, ने. सं. ४४४ (वि. सं. १३८० ) मा नेपालतिर लागे भनी लेखिएको छ।[३९] यसरी राइटको वंशावलीमा हरिदेव र हरिसिंहदेव भन्ने भिन्नाभिन्नै व्यक्तिको उल्लेख आए तापनि अम्बिकाप्रसाद उपाध्यायले यी दुइ व्यक्ति भिन्नाभिन्नै होइनन्, एकै हुन, यिनको शुद्ध नाउँ हरिसिंहदेव हो भन्ने भाव देखाएका छन् ।[४०] उनले यस्तो भन्नाको कारण हरिदेव भन्ने राजाको नाउँ प्रामाणिक लिखतमा नआउनु र कर्णाटकबाट सिम्रौनगढमा आई राज्य गर्ने नान्यदेवका सन्तान हरिसिंहदेवको दिल्लीका गयासुद्दीन तुगलकसँग वि. सं. १३८१ तिर भिडन्त भएको प्रमाणसमेत पाइनु देखिन्छ । राइटको वंशावलीमा माथि मुकुन्द सेनले नेपालखाल्डोमा हमला गर्दा काठमाडौँमा राज्य गरिरहेका राजाको नाउँ हरिदेव दिइए तापनि शुद्ध नाउँ सोही वंशावलीमा तल दिइएको हरिसिंहदेव नै हो भन्ने भाव अम्बिकाप्रसादको छ र उनको लेखाइअनुसार मुकुन्द सेनले विक्रमको चौधौँ शताब्दीको उत्तरार्धमा यहाँ हमला गरेको देखिन्छ । यति लेखेर पनि उनले मुकुन्द सेनको यस हमलाको प्रामाणिकताको विषयमा केही शङ्का मुकुन्द सेनको मूल थलोको आधार लिई उठाउन खोजेका छन् । पाल्पाली सेन राजाहरूले आफूलाई चित्तौरका राजा रत्न सेनका सन्तान भन्ने गरेका र पाल्पाली सेन राजाहरूको वंशावलीमा मुकुन्द सेनलाई राजा धर्मपाल सेनको सातौँ पुस्तामा जन्मेका भन्ने लेखिएकोले मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी वंशावलीमा लेखेको कुरामा अम्बिकाप्रसादलाई केही शङ्का उठ्न गएको देखिन्छ । हरिसिंहदेवको राज्यमा गयासुद्दीन तुगलकले हमला गरेका थिए भन्ने कुरा प्रामाणिक लिखतबाट बुझिएकोले हरिसिंहदेवको र गयासुद्दीन तुगलकको समय एकै थियो भन्ने कुरा स्पष्ट छ र यसभन्दा पुगनपुग ३० वर्षअगाडि अलाउद्दीन खिलजीले चित्तौरमा हमला गरेका थिए भन्ने अम्बिकाप्रसादले सम्झेकाले तथा अलाउद्दीन खिलजीको हमलापछि मात्र रजपूतहरू नेपालतिर लागेकाले

---

३९. डानियल राइटद्वारा सम्पादित हिस्टरि अफ् नेपाल्का १७४–१७५ पृ.

४०. वि. सं. १९७९ मा बनारसबाट देवीप्रसाद उपाध्यायद्वारा प्रकाशित अम्बिकाप्रसाद उपाध्यायको नेपालको इतिहासको प्रथम संस्करणको भूमिकाको १ पृ.

"यति थोरै समयमा चित्तौरबाट नेपाल तराई पुगी खस मगरहरूलाई जितेर पाल्पामा एक शक्तिशाली राज्य स्थापना गरी नेपाल जस्तो प्राचीन राज्यमा समेत आक्रमण गर्न पुग्नु यो असम्भव नभए पनी दुःसाध्य कुरा प्रतीत हुन्छ" भनी उनले लेखेकोबाट उनको मनमा उठेको शङ्का स्पष्ट हुन गएको छ ।

बेलायतका पर्सिभल ल्यान्डनले लेखेको नेपालको वृत्तान्त राइटको वंशावलीपछिको नेपालसम्बन्धी निकै चलतीको किताब हो । वि. सं. १९८५ मा छापिएको यस पुस्तकमा मुकुन्द सेनलाई मुकुन्द देव बनाई यिनले नेपालखाल्डोमा गरेको हमलाको चर्चा गरिएको छ । ल्यान्डनको लेखाइको हिसाबबाट यो हमला विक्रमको चौधौँ शताब्दीको उत्तरार्धमा भएको देखिन्छ ।

प्रामाणिक साधनहरूको आधारमा नेपालको इतिहासको परिशीलन गर्ने कामको शुरूआत नेपालमा श्रीबाबुराम आचार्य ( वि. सं. १९४४-२०२९ ) ले गर्नुभएको हो ।[४१] जीवनको धेरै भाग नेपालको इतिहासको अन्वेषणमा लगाउनुभएका ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यका लेखबाट नेपालको इतिहासका विविध विषयमा प्रशस्त प्रकाश पर्न गएको छ ।[४२] उहाँका पाण्डित्यमय यस्तै लेखहरूमध्ये *तनहुँको सेन-वंश* पनि हो । वि. सं. १९९७ मा दार्जीलिङ्गबाट प्रकाशित *भानुभक्त स्मारक ग्रन्थ*मा छापिएको त्यस लेखमा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी वंशावलीमा लेखिएको कुराको खण्डनमा उहाँले एउटा प्रकरण नै लेख्नुभएको छ। राइटले सम्पादन गरी प्रकाश गराएको वंशावलीको मूल उनले पण्डित गुणानन्दबाट पाएकाले उहाँले एक ठाउँमा "अंग्रेजहरुलाइ दंग पार्नाका निमित्त तिनै पंडितले त्यो कथा गढेको अनुमान हुन्छ" भनी लेख्नुभएको छ । उहाँले अर्को ठाउँमा "यो दन्त्यकथा सृष्टि भएको एक सय वर्ष पनि भएको देखिंदैन" भनेर पनि लेख्नुभएको छ । यताबाट उहाँको विचारमा सो कथाको कल्पना विक्रमको बीसौँ शताब्दीमा मात्र भएको देखिन्छ। तर मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरेको कुरा खालि राइटले सम्पादन गरेको वंशावलीमा मात्र नभई त्यसभन्दा पुरानो पद्मगिरिको वंशावलीमा र अरू विभिन्न वंशावलीहरूमा पनि भएको कुरा ती ती वंशावलीका माथि उद्धरण गरिएका भागबाट स्पष्ट भएकोले गुणानन्द पण्डितले यो कथा कल्पना गरेका हुन भन्ने श्रीआचार्यले लेखेको कुरा निर्मूल ठहरिन्छ ।श्रीबाबुराम आचार्यको यो लेख वि. सं. १९९७ मा छापिएको

४१.वि. सं. २०२९ मा प्रकाशित पूर्णिमा २७ अङ्कका १२५–१५३ पृष्ठमा छापिएको पिताजी नयराज पन्तको *विद्वत्पूजा* भन्ने निबन्ध

४२. वि. सं. २०२९ मा काठमाडौँबाट त्रिभुवन विश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित धनवज्र वज्राचार्य र साकेत विहारी ठाकुरद्वारा सम्पादित बाबुराम आचार्य र उहाँका कृति

र त्यस वेलासम्म माथि उद्धरण गरिएका वंशावलीहरूमध्ये राइटले सम्पादन गरेको वंशावली मात्र छापिएकोले उहाँलाई यो कल्पना गर्न अवकाश मिलेको देखिन्छ ।

राइटको वंशावलीमा मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको विषयमा जे लेखिएको छ, त्यसको सारांश पनि त्यस लेखमा श्रीबाबुराम आचार्यले दिनुभएको छ । तर त्यो सारांश खिँच्दा कहीँकहीँ राइटको वंशावलीमा हुँदैनभएका कुरा पनि राइटको वंशावलीको सारांश भनी त्यहाँ दिइएको छ ।

राइटको वंशावलीमा मुकुन्द सेनको जातको विषयमा केही लेखिएको छैन, खालि "उनी-सँगै खस र मगर जात नेपाल आए" भनेर मात्र लेखिएको छ। तर श्रीबाबुराम आचार्यले त्यस वंशावलीबाट मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको बयानको सारांश खिँच्दा "मगर-राजा मुकुन्दसेन" भनी लेख्नुभएको र त्यसको मूल अङ्ग्रेजी "द् मगर् राज नेम्ड् मुकुन्द् सेन्" भनी दिनुभएको छ । त्यस्तै त्यही लेखमा अर्को ठाउँमा "श्री गुणानन्दले होस् या अरुले होस् ... नेपालका एक महापुरुष क्षत्रिय-राजा मुकुन्दसेनलाइ मगर राजा बनाई तिनको पवित्र-चरित्रलाइ कलंकित गराएको देखिन्छ" भनी उहाँले लेख्नुभएको छ । यसरी राइटको वंशावलीमा मुकुन्द सेनको जातको विषयमा केही पनि नलेखिएको हुंदा हुँदै त्यस वंशावलीमा उनलाई "द् मगर् राज नेम्ड् मुकुन्द् सेन्" भनी लेखिएको छ भनी श्रीबाबुराम आचार्यले किन लेख्नु-भयो, यो निकै आश्चर्यको कुरा हो ।

राइटको वंशावलीमा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गर्दा डराएर यहाँका "दुनियाँ-हरूले मूला गाडे र धान काटेर कुनिउँ लाए र धानमाथि माटो थुपारेर धान लुकाए" भनेर मात्र लेखिएको छ । नेपालखाल्डोका कुन ठाउँका बासिन्दाले मूला जमीनभित्र लुकाए र कुन ठाउँका बासिन्दाले धानको बालाको कुन्यू लगाएर माटोले पुरिदिए भन्ने कुरा राइटको वंशा-वलीबाट खुल्दैन । राइटको वंशावलीको सारांश खिँच्न बस्नुभएका हाम्रा आचार्यजीले" मुकुन्द्-सेनका लूट देखि डराएर पाटन ( ललितपुर ) का रैयतले मूला जमीन भित्र लुकाए औ कीर्तिपुर-का रैयतले धानका बालाको कुन्युं लगाएर माटाले पुरि दिए" भनी लेखिदिनुभएको छ । श्रीबाबुराम आचार्यका पूर्वसूरि नेपाली ऐतिहासिक अम्बिकाप्रसाद उपाध्यायले "पाटनका नागरिक-हरूले भयभीत भै आफ्ना खेतीको मूला खेतबाट उखेलेर जमीनमा लुकाए । कीर्तिपुरतरफको धानबाली पनि हत्तपत्त काँचैमा काटिई कुन्यूसै सडेर ऊर्न गरी माटोमा पुरियो" भनी लेखेकाले उहाँले राइटको वंशावलीको सारांश खिँच्दा अम्बिकाप्रसाद उपाध्यायको लेखाइको सारांश खिँच्न उहाँ पुग्नुभएको देखिन्छ ।

मुकुन्द सेनले नेपालखाल्डोमा हमला गर्दा यहाँ नान्यदेवका छैटौँ पुस्तामा जन्मेका

हरिदेवको राज्य थियो भनी राइटको बंशावलीमा लेखिएको छ र सोही वंशावलीमा अलि तलतिर अयोध्याका राजा हरिसिंहदेव मुसलमानहरूले चापेकाले अयोध्याबाट भागेर सिम्रौनगढ आई त्यताबाट उनी वि. सं. १३८० मा नेपालतिर लागेको कुरा पनि परेको छ भनी हामीले माथि लेखिसकेका छौं । मुकुन्द सेनले नेपालखाल्डोमा हमला गर्दा यहाँका राजा हरिदेव थिए भनी राइटको वंशावलीमा स्पष्टसँग लेखिए तापनि अम्बिकाप्रसाद उपाध्यायले राइटको वंशावलीको हरिदेव र हरिसिंहदेवलाई एकै ठानेर र ती राजाको शुद्ध नाउँ हरिसिंहदेव भनी राइटको वंशावलीको आधारमा मुकुन्द सेनको हमलाको बयान दिँदा राजाको नाउँ हरिसिंहदेव भनी लेखेका छन् भन्ने कुरा पनि माथि परिसकेको छ । यसरी उनले राजाको नाउँ सच्याउनाको कारण हरिसिंहदेवको उल्लेख प्रामाणिक लिखतमा आउनु र हरिदेवको चाहिँ कुनै प्रामाणिक लिखतमा नआउनु हो भन्ने देखिन्छ भन्ने कुरा पनि हामीले माथि लेखिसकेका छौं । यहाँ पनि श्रीबाबुराम आचार्यले राइटको वंशावलीको सारांश खिँच्दा अम्बिकाप्रसादले जस्तै हरिसिंहदेव नै लेख्नुभएको छ । तर *गोपालराजवंशावली*मा सिम्रौनगढका राजाको नाउँ हरसिंह भनी लेखिएकोले "नेपालको सारा इतिहास छानबीन गरि हेर्दा हरिसिंह देव भन्ने राजा कुनै समयमा पनि भएका देखिंदैनन् । कर्णाट-वंशका छैटौं र अन्तिम राजाको नाम हरसिंहदेव हो; हरिसिंहदेव होइन" भनी श्रीबाबुराम आचार्यले लेख्नुभएको छ । सिम्रौनगढका राजा हरसिंहदेवले पहाडखण्डमा आई राज्य गरेको कुनै प्रमाण नपाइएकोले र जुन समयमा हरसिंहदेव सिम्रौनगढमा राज्य गर्दै थिए, त्यस समयमा नेपालखाल्डोमा पहिले आनन्ददेव र पछि अरि मल्लको राज्य भएको प्रमाण पाइएकोले राइटको वंशावलीमा हरिदेव भनी लेखिएका हरसिहदेवले नेपालखाल्डोमा राज्य गर्नु सम्भव छैन भन्ने कुरा श्रीबाबुराम आचार्यको लेखबाट स्पष्ट हुन्छ ।

श्रीबाबुराम आचार्यले पाल्पाली राजा रुद्र सेनको वि. सं. १५७१ को दानपत्र पाउनु-भएकोले त्यस दानपत्रको आधार लिई वहाँले त्यस लेखमा सेन राजाहरूको कालनिर्णय गर्नु-भएको छ । सेनवंशको उदय वहाँको लेखाइअनुसार विक्रमको सोह्रौं शताब्दीको उठानसँगै भएको र यस वंशका पहिला राजा खाम सेन रुद्र सेनका बाजे तथा मुकुन्द सेन रुद्र सेनका छोरा भएकाले वहाँले मुकुन्द सेनको राज्यकाल वि. सं. १५७५–१६१० भनी निर्णय गर्नुभएको छ ।

हरसिंहदेवले नेपालखाल्डोमा कहिल्यै राज्य नगरेको, उनले सिम्रौनगढमा राज्य गरिरहँदा यहाँ अरू नै राजाहरूको राज्य चलिरहेको र हरसिंहदेव र मुकुन्द सेनको बीचमा दुइ सय वर्षको फरक परेकोले हरसिंहदेवले यहाँ राज्य गरिरहँदा मुकुन्द सेनले हमला गरे भन्ने कुरा-लाई वहाँले मनगढन्त कथाको संज्ञा दिनुभएको छ ।

अरू धेरैजसा राणा शासकहरूको भन्दा श्री ३ महाराज पद्मशमशेर जङ्गबहादुर

राणाको प्रकृति उदार किसिमको भएकोले उनले नेपालको शासनपद्धतिलाई प्रजातन्त्रको आदर्शसँग बढी मेल खाने गरी बनाउने विचार गरेका थिए। त्यसैले उनले आफू महाराज भएको चौधौँ महीनामा[४३] वि. सं. २००३ माघमा नेपालका मुख्य मुख्य भारादारहरूसँग राजकाजमा सुधार गर्नेबारे लिखित रूपमा प्रश्न पनि गरेका थिए।[४४] यसै क्रममा उनले प्रजातन्त्रको आदर्शसँग बढी मेल खाने गरी नेपालको संविधान तयार गर्ने विचार गरे। यसैले उनले भारतका काङ्ग्रेसी शासकहरूसँग संविधान बनाउने काममा मदत गर्न सक्ने भारतीय विद्वान्हरू पठाइदिने माग गरेकाले भारतबाट श्रीप्रकाश र रामउग्र-सिंह वि. सं. २००४ मा यहाँ आए र नेपालको संविधान तयार गर्ने काममा उनीहरूले नेपाल-सरकारलाई सहयोग गरेका थिए।[४५] यिनै श्रीप्रकाशका सहचर भई आएका[४६] रघुनाथसिंहले नेपालको विषयमा एउटा पुस्तक लेखे र सो पुस्तक *जाग्रत नेपाल* भन्ने नाउँले बनारसबाट वि. सं. २००७ मा छापियो। त्यस पुस्तकमा एक ठाउँमा मुकुन्द सेनले विक्रमको तेह्रौँ शताब्दी-मा नेपालखाल्डोमा हरिदेव राजा रहँदा हमला गरी जिते भनी लेखिएको छ। त्यही पुस्तकमा अर्को ठाउँमा पर्सिभल ल्यान्डनले लेखे जस्तै मुकुन्द सेनलाई मुकुन्ददेव भनी लेखिएको छ र रघुनाथसिंहको लेखाइको हिसाबबाट यो विजय विक्रमको चौधौँ शताब्दीको उत्तरार्धमा भएको देखिन्छ।

वि. सं. २००७ मा बनारसबाट छापिएको *नेपालको इतिहास अर्थात् दिग्दर्शन*मा पनि मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरेको कुरा परेको छ। रामजी उपाध्यायले यस इतिहासमा वंशावलीको आधारमा मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको बयान दिँदा कहीँ कहीँ फूलबुट्टा भरेका छन् भन्ने कुरा वंशावली र यस इतिहासलाई दाँजेर हेर्दा स्पष्ट हुन्छ। मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरेका थिए भनी वंशावलीमा लेखिएको कुरा-लाई पूरापूर पत्याई रामजी उपाध्यायले लेखेको यस बयानमा मात्र पाइने, अन्त इतिहासमा नपाइने एउटा वैशिष्ट्यलाई यहाँनिर औँल्याउनुपरेको छ। हामीले माथि उद्धरण गरेका ५

---

४३. वि. सं. २०३५ मा प्रकाशित *पूर्णिमा* ४० अङ्कमा छापिएको पिताजी नयराज पन्तको श्री ३ महाराज पद्मशमशेरका कुरा भन्ने निबन्ध, सो अङ्कको १६६ पृ.

४४. ऐजनका २५१–२५२ पृ.

४५. ऐजनका २०७–२०८ पृ.

वि. सं. २००७ मा बनारसबाट अनुभूति–प्रकाशनद्वारा प्रकाशित रघुनाथसिंहको *जाग्रत नेपाल*को भूमिकाको २ पृ.

४६. ऐजन

बटा वंशावलीमध्ये ३ सङ्ख्याको वंशावलीलाई छोडेर अन्यत्र मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको समय किटेर दिइएको छैन भन्ने कुरा यहाँ दोहऱ्याइरहनुपर्दैन र ३ सङ्ख्याको वंशावलीमा पनि मुकुन्द सेनको हमलाको किटेर दिइएको समयमा र राजाहरूका राज्यभोगवर्ष जोड्दै मुकुन्द सेनले हमला गरिएका राजाको राज्यभोगवर्षसम्म आइपुग्दा त्यत्तिने समयमा दुइ सय वर्ष जतिको अन्तर परेको छ भन्ने कुरा माथि हामीले स्पष्ट पारिसकेका छौँ । यति सब हुँदाहुँदै पनि मुकुन्द सेनले वि. सं. ११६५ मा नेपालखाल्डोमा हमला गरे भनी रामजी उपाध्यायले किटेर लेखेकाले उनले कुन आधारमा यस्तो लेखे, यसको खोजी गर्नुपरेको छ। राइटको वंशावलीमा नान्यदेवले वि. सं. ९४६ मा नेपालप्रवेश गरे भनी स्पष्टसँग लेखिएको र यस समयदेखि उनका जनाति रामसिंहदेवको पालासम्म वि. सं. ११६५ भएको थियो भन्ने कुरा वि. सं. ९४६ मा नान्यदेवदेखि रामसिंहदेवसम्मको राज्यभोगवर्ष जोड्दै लगी हामीले अघि नै देखाइसकेका छौँ । रामसिंहदेवपछि उनका छोरा हरिदेव राजा भए र उनको पालामा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी राइटको वंशावलीमा लेखिएको छ । यसै कारणले रामसिंहदेवको अन्त्य र हरिदेवको उदय भएको समय वि. सं. ११६५ मा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी रामजी उपाध्यायले लेखेको देखिन्छ ।

वि. सं. २००८ मा बनारसबाट छापिएको बालचन्द्र शर्माको *नेपालको ऐतिहासिक रूपरेखा*ले नेपाली समाजमा निकै ख्याति पाएको छ । केही विस्तृत ढङ्गले लेखिएको र उच्च कक्षाहरूमा धेरै वर्षदेखि पाठ्यपुस्तक भई रहेको *नेपालको ऐतिहासिक रूपरेखा*को वि. सं. २०३३ सम्म चार संस्करण भए । यी चारै संस्करणमा वंशावलीमा मुकुन्द सेनको हमलाको विषयमा जे लेखिएको छ, त्यसको खण्डन बाबुराम आचार्यको पूर्वोक्त निबन्धको आधार लिई "ईसाको सोह्रौं शताब्दीभन्दा अघि पश्चिमी नेपालमा सेनवंशको उदय नै भएको थिएन । यस अवस्थामा तेह्रौं-चौधौं शताब्दीमा मुकुन्दसेनको कल्पना नै निराधार छ" भनी गरिएको छ । तर बालचन्द्र शर्माले यस विषयमा डानियल राइटको वंशावलीको तेरीज खिँच्दा भूल गर्नु भएको छ । राइटको वंशावलीअनुसार आनन्द मल्लको पालामा वि. सं. ९४६ मा नेपालखाल्डोमा नान्यदेवको प्रवेश भएको र उनका खनाति हरिदेवको पालामा मुकुन्द सेनको हमला नेपालखाल्डोमा भयो भन्ने कुरा स्पष्टसँग बुझ्दा बुझ्दै पनि बालचन्द्र शर्माले राइटको वंशावलीमा अनन्त मल्लको समयमा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी लेखिएको छ भनी लेख्नुमा लेभीले आनन्द मल्ललाई अनन्त मल्ल बनाएको कुराको प्रभाव परेको बुझिन्छ ।

वि. सं. २००९ मा काठमाडौँबाट प्रकाशित श्रीडिल्लीरमण रेग्मीको प्राचीन र मध्य-

कालिक नेपालमा पनि मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको चर्चा गरिएको छ । "ए डिस्अपइन्टइङ वर्क इन्स्पाइट अफ् द म्यागनिफइसन्ट अपर्टयूनिटिज् ओप्न् टु इट्स् अथर् (ग्रन्थकारले राम्रो मौका पाउँदा पाउँदै पनि हिस्स्याउने खालको पुस्तक)"[४७] भनी श्रीलूच्यानो पेतेकले बयान गरिएको यस पुस्तकको मुकुन्द सेनको हमला-सम्बन्धी अंश त झन् हिस्स्याउने खालको छ। सिल्भाँ लेभीले आफ्नो नेपालको इतिहासमा मुकुन्द सेनको हमलाको विषयमा लेख्दा पश्चिमबाट खसहरूले नेपालखाल्डोमा गरेको हमलासँग मुकुन्द सेनको हमलालाई जोड्ने कोशिश गरेका छन् । त्यहाँ लेभीले एक ठाउँमा वि. सं. १३८४ मा आदित्य मल्लले नेपालखाल्डोमा गरेको हमलाको चर्चा पनि गरेका छन् । त्यसैको प्रभाव परेका रेग्मीजी "सेन भन्ने कुनै आदितमल फौजको कमान गरी नेपालखाल्डोभित्र पसे" भनी लेख्न पुग्नुभएको छ । फेरि त्यही प्रसङ्गमा उहाँ "यिनीपछि पाल्पाका मुकुन्द सेन आए" भनी लेख्न पुग्नुहुन्छ । यी हमला अनन्त मल्लपछि राजा हुने जयानन्ददेवको पालामा भए भन्ने भाव रेग्मीजीको लेखबाट झल्किन्छ । रेग्मीजीको लेखबाट जयानन्ददेवको राज्यसमय वि. सं. १३६४-१३७४ हुने हुनाले मुकुन्द सेनको हमला यही समयभित्र भयो भन्ने विचार रेग्मीजीको देखिन्छ । *गोपालराजवंशावली*मा आदित्य मल्लले नेपालखाल्डोमा वि. सं. १३८४ मा हमला गरे भनी लेखिएको भए तापनि *गोपालराजवंशावली*मा आदितमलको हमला वि. सं. १३८४ मा भयो भनी लेखिएको छ, यो अशुद्ध हो भनी रेग्मीजी लालबुझक्कडी लगाउन पुग्नुभएको छ ।

प्रेमबहादुर लिम्बू र भूपेन्द्रनाथ ढुङ्गेलले लेखेको, वि. सं. २०११ मा काठमाडौँबाट छापिएको *संक्षिप्त नेपाल इतिहास*मा खास गरी किरातीहरूको इतिहासको बयान गरिएको छ । त्यहाँ पनि मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी लेखिएको छ । *संक्षिप्त नेपाल इतिहास*मा मुकुन्द सेनले कहिले हमला गरे, यस विषयमा केही लेखिएको छैन तापनि त्यस इतिहासका रचयिता-हरूले मुकुन्द सेनको हमलाको समय कुन मानेका रहेछन् भन्ने कुरा बुझ्न सकिन्छ । माथि उद्धरण गरिएका पाँचवटा वंशावलीमध्ये चारवटा वंशावलीमा रामसिंहदेवको पालामा मुकुन्द सेनले नेपाल-खाल्डोमा हमला गरे भनी लेखिएको र राइटको वंशावलीमा चाहिँ हरिदेवको पालामा मुकुन्द सेनको हमला भयो भनी लेखिएको छ । *संक्षिप्त नेपाल इतिहास*मा पनि राइटको वंशावलीमा जस्तै हरि-देवको पालामा मुकुन्द सेनले हमला गरे भनी लेखिएकोले मुकुन्द सेनको हमलाको विषयको

---

४७. वि. सं. २०१५ मा रोमबाट इस्तितयुतो इतालिआनो पर् इल् मेदिओ एद् एस्त्रेमो ओरि-यन्तद्वारा प्रकाशित लूच्यानो पेतेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (सी, ७५०-१४८०) (नेपालको मध्यकालको (अन्दाजि वि. सं. ८०७-१५३७ को) इतिहास) को २ पृ.

कुरा यस इतिहासमा राइटको वंशावलीबाट लिइएको देखिन्छ। राइटको वंशावलीअनुसार मुकुन्द सेनको हमला वि. सं. ११६५ पछि अर्थात् विक्रमको बाह्रौँ शताब्दीको उत्तरार्धमा हुने कुरा हामीले माथि ल्याएर देखाइसकेका छौँ। यस कारण राइटको वंशावलीको आधारमा लेख्ने प्रेमबहादुर लिम्बू र भूपेन्द्रनाथ ढुङ्गेलले पनि मुकुन्द सेनको हमलाको समय राइटको वंशावलीमा लेखे जस्तै विक्रमको बाह्रौँ शताब्दीको उत्तरार्ध मानेको देखिन्छ।

नेपालमा भारतीय स्वार्थलाई अनुकूल प्रचार गर्ने उद्देश्यले "नेपाल में मधेशियों और भारतीयों की संख्या पचास लाख से भी अधिक है"[४८] जस्ता अवास्तव कुरा हाली[४९] श्रीकाशीप्रसाद् श्रीवास्तवले लेखेको र वि. सं. २०११ मा दिल्लीबाट छापिएको *नेपाल की कहानी*मा नान्यदेवका खनाति हरिदेवले नेपालखाल्डोमा राज्य गरिरहेको बेलामा वि. सं. ११५४ मा पाल्पाबाट मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी लेखिएको छ।

अङ्ग्रेजी सेनाका लेफ्टिनेन्ट – जनरल फ्रान्सिस टुकरले लेखेको र वि. सं. २०१४ मा छापिएको नेपालको इतिहास *गोर्खा*मा पनि वंशावलीमा लेखिएकै छाँटले मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरेका थिए भनी लेखिएको छ। त्यस पुस्तकमा वि. सं. ११५७ मा नेपालखाल्डोका राजा हरिदेवको दरबारमा नोकरी गरिरहेका एकजना मगरलाई जालफेल गरी मन्त्रीहरूले निकालेकाले त्यो मगर तानसेन फर्क्यो र उसले त्यहाँका राजा मुकुन्द सेनको अगाडि नेपालखाल्डोको ऐश्वर्यको बयान गरेकोले लोभिएर मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी लेखिएको छ। यस कारण मुकुन्द सेनको हमला वि. सं. ११५७ तिर भयो भन्ने धारणा टुकरको देखिन्छ।

प्रमाणको आधारमा पाण्डित्यमय ढङ्गले लेख्न खोजिएका इतिहाससम्बन्धी ग्रन्थ अत्यन्त कम भएको नेपालमा वि. सं. २०१५ मा रोमबाट छापिएको श्रीलूच्यानो पेतेकको नेपालको मध्यकालको इतिहासको विशिष्ट महत्त्व छ। लम्बेचौडे गन्थन नगरी भन्नुपर्ने कुरा प्रमाण दिई स्पष्टसँग थोरै शब्दमा भन्ने शैलीमा लेखिएको पेतेकको नेपालको मध्यकालको इतिहासमा पनि मुकुन्द सेनको हमलाको विषयमा चर्चा गरिएको छ। वंशावलीमा यस हमलाको विषयमा जे जस्तो लेखिएको छ, त्यसलाई स्वीकार नगरी आफ्नै ढङ्गले यस प्रश्नको समाधान गर्न पेतेकले गरेको

---

४८. वि. सं. २०११ मा दिल्लीबाट आत्माराम एण्ड संसद्वारा प्रकाशित काशीप्रसाद श्रीवास्तवको नेपाल की कहानीको ७ पृष्ठ

४९. वि. सं. २०१२ मा ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य, कुमारधर शर्माद्वारा रचित तथा प्रकाशित इतिहास-संशोधन[ ८ संख्या ] श्रीवास्तव त अवास्तव कुरो पो गर्नु हुँदोरहेछ।

प्रयत्न यस प्रसङ्गमा उल्लेखनीय छ । संस्कृतमा पद्यमा लेखिएको एउटा अप्रकाशित वंशावलीबाट मुकुन्द सेनको समयसम्बन्धी उद्धरण पनि यस प्रसङ्गमा पेतेकले दिनुभएको छ। त्यस वंशावलीमा मुकुन्द सेनको समय शाके १०३२ वि. सं. ११६७ कलिगतसंवत् ४२११ दिइएको छ र रामसिंहको पालामा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरी रामसिंहलाई बरखास्त गरे भनी त्यस वंशावलीमा लेखिएको छ । तर वि. सं. ११६७ रामसिंहको होइन कि उनका बराजु(पेतेकको मतअनुसार) नान्यदेवको समय भएकोले वि. सं. ११६७ मा रामसिंह हुनु एकदमै असम्भव ठहराई पेतेकले यस समस्यालाई अरू नै किसिमले समाधान गर्ने प्रयत्न गर्नुभएको छ। *गोपालराजवंशावली*मा एक ठाउँमा वि. सं. १२३६ मा नरसिंहदेवका छोरा रामसिंहदेवको जन्म भयो भनी लेखिएकोले र अर्को ठाउँमा वि. सं. १३०१ मा रामसिंहको उल्लेख आएकोले पेतेकले रामसिंहको आसन्न शासनसमय वि. सं. १२६२-१३०२ दिनुभएको छ । दुल्लका जितारि मल्लका मावली बाजे पाल्पाका राजा मणिमुकुन्द हुन् भनी श्रीज्युजेपे तुच्चीले पत्ता लाएको बाग्लुङ्को वंशावलीमा लेखिएको छ भन्ने पेतेकको भनाइ छ। यी मणिमुकुन्द र हाम्रा मुकुन्द सेनलाई उही मानी पेतेकले वि. सं. १३४४-१३४६ मा जितारि मल्लको उल्लेख आउने हुनाले जितारि मल्लका बाजे मुकुन्द सेनलाई उहाँले विक्रमको चौधौँ शताब्दीको उठानमा राख्नुभएको छ । माथि चर्चा गरिएको संस्कृतवंशावलीमा शाके १०३२ वि. सं.११६७ कलिगतसंवत् ४२११मा मुकुन्द सेन भए भनी जे लेखिएको छ, त्यसको संशोधन पेतेकले आफ्नै ढङ्गले गर्नुभएको छ । त्यहाँ दिइएका शाके १०३२ र कलिगतसंवत् ४२११ लाई मुकुन्द सेनको समयको रूपमा उहाँले एकदमै अस्वीकार गरी वि. सं. ११६७ को विषयमा भने आफ्नै ढङ्गको तर्क दिनुभएको छ । नेपाल र तिरहुतमा त्यस बेला विक्रमसंवत् नचलेको हुनाले सो वंशावलीमा वि. सं. ११६७ मा मुकुन्द सेन भए भनी लेखिएको भए तापनि ११६७ ले विक्रमसंवत्लाई बुझाएको नभई शाकेलाई बुझाएको हुनुपर्छ र शाके ११६७+१३५ = वि. सं. १३०२ मुकुन्द सेनको समय हो भन्ने निष्कर्ष पेतेकले निकाल्नुभएको छ र वि. सं. १३०२ मा नेपालखाल्डोको गद्दीमा अभय मल्ल भएकाले "मुकुन्द सेनको हमला सम्भवतः यिनको पालामा भयो" भनी पेतेकले लेख्नुभएको छ ।

यस्तो फितलो निष्कर्ष निकाल्न बस्दा पेतेकले संस्कृतवंशावलीमा विक्रमसंवत्मा मुकुन्द सेनको जुन समय दिइएको छ, त्यसको सम्बन्ध विक्रमसंवत्को चलनी त्यस समयमा त्यतातिर हुनु वा नहुनुसँग नभई ग्रन्थकारले खालि समयनिर्देशको लागि मात्र कलिगतसंवत् र विक्रमसंवत्मा मुकुन्द सेनको समय दिए जस्तै शाके संवत्मा पनि दिइएको हो भन्ने कुरा बिर्सेको देख्दा आश्चर्य लाग्छ । त्यस वंशावलीको जुन उद्धरण पेतेकले दिनुभएको छ, त्यताबाट त्यस बेला कुन संवत् चलेको थियो भन्ने कुरा बुझिने होइन कि खालि तीन थरी संवत्लाई ग्रन्थकारले प्रयोग गरेको बुझिन्छ। पेतेकको नेपालको मध्यकालको इतिहासमा ईसवी संवत्को प्रयोग गरिएको देखेर कसैले नेपालमा मध्यकालमा ईसवी संवत् चलेको थियो भन्ने निष्कर्ष निकाले जस्तै हाँसउठ्दो निष्कर्ष निकाल्न पेतेक जस्ता विद्वान् किन

पुग्नुभयो. यो बडो उदेकको कुरा छ ।

संस्कृतवंशावलीमा रामसिंहको पालामा मुकुन्द सेनको हमला भयो भनी लेखिएकोले र *गोपालराजवंशावली*मा रामसिंहको उल्लेख वि. सं. १३०१ मा आएकोले मुकुन्द सेनलाई जुनसुकै हालतमा पनि रामसिंहको समानकालिक बनाउने मोहमा फसी पेतेकले संस्कृतवंशावलीमा वि. सं. ११६७ मा मुकुन्द सेन भए भनी लेखिएकोमा यो वि. सं. नभई शाके हो भनी शाके ११६७+१३५ = वि. सं. १३०२ मुकुन्द सेनको समय हो भनी हाँसउठ्दो तरीकाले मुकुन्द सेनको समयको निर्धारण गर्नुभएको छ । यो फितलो निष्कर्ष निकाल्नमा उहाँलाई बाग्लुङको वंशावलीमा मणिमुकुन्दलाई जितारि मल्लका सावली बाजे भनी लेखिएबाट पनि बल मिल्न गएको छ । तर यो प्रमाण कति फितलो छ भन्ने कुरा पनि अब यहाँ देखाउनुपरेको छ ।

बाग्लुङको वंशावलीमा मणिमुकुन्दका छोरीका छोरा भनी उल्लेख गरिएका जितारि मल्लको समय पेतेकले *गोपालराजवंशावली*मा जितारि मल्लको उल्लेख वि. सं.१३४४–४६ मा आएकोले वि. सं.१३४४-४६ भनी दिनुभएको छ । यसरी नातिको समय वि. सं. १३४४–४६ भएकोले बाजेको समय विक्रमको चौधौँ शताब्दीको प्रारम्भ हुनुपर्छ भन्ने तर्क पेतेकको छ । यस तर्कबाट पेतेकलाई रामसिंह र मुकुन्द सेनलाई समानकालिक बनाउन मदत मिलेको छ । किनभने वि. सं. १३०१ मा *गोपालराजवंशावली*मा रामसिंहको उल्लेख आएकोले रामसिंहलाई लडाइँमा हराउने मुकुन्द सेनको समय विक्रमको चौधौँ शताब्दीको प्रारम्भ हुनु सनासीब देखिन्छ भन्ने पेतेकको तर्क आपाततः राम्रो देखिन्छ ।

*गोपालराजवंशावली*मा जुन जितारि मल्लको उल्लेख आएको छ, ती जितारि मल्लको पुस्तेवारी पृथ्वी मल्लको दुल्लुको वि. सं. १४१४ को स्तम्भलेखमा दिइएको छ। त्यताबाट ती जितारि मल्ल क्राचल्लका नाति र अशोकचल्लका छोरा हुन् भन्ने स्पष्ट बुझिन्छ ।[५०] मणिमुकुन्दका छोरीका छोरा जितारि मल्लचाहिँ नाग बमका नाति र नारायण मल्लका छोरा हुन् भन्ने कुरा बाग्लुङको वंशावलीअनुसार बुझिन्छ ।[५१] वि. सं. १३४४–४६ मा नेपालखाल्डोमा हमला गर्ने जितारि मल्ल अशोकचल्लका छोरा हुन् भनी आफ्नो नेपालको मध्यकालको इतिहासमा

---

५०. वि. सं. २०२२ मा प्रकाशित पूर्णिमा ६ अङ्कमा छापिएको धनवज्र वज्राचार्यको कर्णाली-प्रदेशको इतिहासको एक झलक भन्ने निबन्ध, सो अङ्कका १५-१८ पृ.

५१. वि. सं. २०१३ मा रोमबाट इस्तित्युतो इतालिआनो पर् इल् मेदिओ एद् एस्त्रेमो ओरियन्तद्वारा प्रकाशित ज्यूजेपे तुच्चीको प्रिलिमिनरि रिपर्ट् अन् टू साइन्टिफिक् एक्सपिडिशन्ज् इन् नेपाल् (नेपालमा दुइ पटक विधिपूर्वक गरिएका अनुसन्धानात्मक भ्रमणबारेको उठानको बयान) को १२१ पृ.

एक ठाउँमा लेखे[४२] तापनि यहाँ पेतेकले अशोकचल्लका छोरा जितारि मल्ल र नारायण मल्लका छोरा जितारि मल्ललाई भिन्नाभिन्नै सम्झन नसक्नुभएको स्पष्ट देखिन्छ।

यहाँनिर अर्को एउटा कुरा पनि गरिहालौँ। मुकुन्द सेनलाई वंशावलीहरूमा यति अगाडि पारे पनि मुकुन्द सेन यति अगाडि हुन सक्दैनन् भन्ने कुरा मुकुन्द सेनका बाबु रुद्र सेनको वि. सं. १५७१ को लिखत दिई बाबुराम आचार्यले प्रकाश गर्नु भएको *तनहुँको सेन-वंश* भन्ने लेखबाट वि. सं. १९९७ मै स्पष्ट भइसकेको थियो। नेपालको मध्यकालको इतिहास लेख्न बस्दा पेतेकको दृष्टि बाबुराम आचार्यको सो लेखमा परेको भए पेतेकले यस समस्यामा अर्कै ढङ्गले विचार गर्नुपर्ने अवस्था आउँथ्यो होला।

मुकुन्द सेनको हमलाको विषयमा पेतेकले जे जति लेखे तापनि उहाँले यस विषयमा ठोकेर केही भन्न सक्नुभएको छैन र "चुरो कुरा झण्डै झण्डै पूरै नचिनिने गरी उपाख्यानले ढाकिएको मुकुन्द सेनको कथाले पश्चिम नेपालबाट भएको कुनै हमलाको, त्यसबाट मुख्य दुःख पाउने तिरहुतका शासकहरू भएको कुराको सूचना दिन्छ। अन्तमा आधुनिक वंशावलीहरूको यस अंशको विषयमा भन्न सकिने कुरा यही नै हो" भनी पेतेकले यस प्रसङ्गलाई टुङ्ग्याउनुभएको छ।

बालचन्द्र शर्माको *नेपालको ऐतिहासिक रूपरेखा*को परम्परामा लेखिएको, वि. सं. २०१५ मा बनारसबाट छापिएको आफ्नो *नेपालको ऐतिहासिक विवेचना*मा श्रीढुण्डिराज भण्डारीले लेभीको आधार लिई आनन्द मल्ल र अनन्त मल्ललाई एउटै मान्नुभएको छ र "मकुन्दसेनको आक्रमणको सम्बन्धमा विभिन्न विद्वानहरूले विभिन्न रूपबाट अनुमान गरेका छन्। तर नेपालका इतिहास-शिरोमणि स्व. बाबुराम आचार्यज्यूले सबै विद्वानहरूको अनुमानलाई निर्मूल पार्दै मकुन्दसेनको आक्रमणलाई नै कपोलकल्पित ठहराउनु भएको छ" भनी त्यहाँ उहाँले लेख्नुभएकोले बालचन्द्र शर्माले जस्तै ढुण्डिराज भण्डारीले पनि बाबुराम आचार्यको पूर्वोक्त निबन्धको आधार लिई मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी वंशावलीमा लेखिएको कुरालाई अप्रामाणिक ठहराएको बुझिन्छ। राइटको वंशावलीअनुसार आनन्द मल्लको पालामा वि. सं. ९४६ मा नेपालखाल्डोमा नान्यदेवको प्रवेश भएको र उनका खनाति हरिदेवको पालामा मुकुन्द सेनको हमला भएको कुरा स्पष्टसँग बुझिँदा बुझिँदै पनि श्रीढुण्डिराज भण्डारीले "राइट-वंशावली अनुसार यिनको (आनन्द मल्लको) शासन-कालमा पाल्पाका मकुन्दसेनले पश्चिम तर्फबाट नेपालमाथि आक्रमण गरेका थिए" भनी लेख्नुभएकोले बालचन्द्र शर्माले जस्तै उहाँले पनि राइटको वंशावलीको यो अंश राम्रोसँग नपढेको देखिन्छ।

---

४२. मेडिईभल् हिस्टरि अफ् नेपाल्को १९७ पृ.

वि. सं. २०१७ मा र २०२६ मा गरी दुइ पटक कालिम्पोङबाट छापिएको श्रीपारसमणि प्रधानको *नेपाली भाषाको उत्पत्ति र विकास* भन्ने पुस्तकमा *नेपालको इतिहासमा खस–जाति* भन्ने अध्यायमा राइटको वंशावलीको आधार लिई नेपालखाल्डोमा मुकुन्द सेनको हमलाको बयान गरिएको छ । हमलाको समय भने त्यहाँ राइटको वंशावलीबाट आउने समयभन्दा चार सय वर्षपछिको दिइएको छ । कुरा के हो भने राइटको वंशावलीअनुसार मुकुन्द सेनको हमला विक्रमको बाह्रौँ शताब्दीको उत्तरार्धमा भएको देखिन्छ , प्रधानजीले भने त्यहाँ मुकुन्द सेनको समय वि. सं. १५७५– १६१० दिनुभएको छ । कुरा के पर्‍यो भने एकातिर राइटको वंशावलीमा भएको मुकुन्द सेनको हमलाको प्रामाणिकताको विषयमा प्रधानजीले कति पनि शङ्का उठाउनुभएको छैन, अर्कोतिर वि. सं. १५७५–१६१० का मुकुन्द सेन त्यति अगाडि हुन सम्भव नभएकोले मुकुन्द सेनको हमलालाई नै मनगढन्त कथा सम्झने बाबुराम आचार्यले मानेको मुकुन्द सेनको समय प्रधानजीले कति पनि नहिचकिच्याई लिनुभएको देखिन्छ ।

वि. सं. २०१८ मा छापिएको आफ्नो आधुनिक नेपालमा श्रीडिल्लीरमण रेग्मीले मुकुन्द सेनको हमलाको कुरा उठाउनुभएको छ । विक्रमको चौधौँ शताब्दीमा पाल्पाका राजा मुकुन्द सेनले ठूलो मगर सैन्य लिई पाटनमा हमला गरे भनी नेपाली वंशावलीमा लेखिएको छ, तर पाल्पाली वंशावलीको सन्दर्भमा यी मुकुन्द सेन को हुन भनी चिन्ने काम भइसकेको छैन भनी रेग्मीजीले यस विषयलाई टुङ्ग्याउनुभएको छ । वि. सं. २०३२ मा छापिएको आफ्नो आधुनिक नेपालको दोस्रो संस्करणमा पनि रेग्मीजीले मुकुन्द सेनको हमलाको विषयमा माथिको कुरा दोहर्‍याउनुभएको छ र त्यसपछि भवदत्तको वंशावलीअनुसार यी मुकुन्द सेन बसाइँ सरी आउने राजवंशका १२ पुस्तामा जन्मेका हुन भनी यस विषयलाई टुङ्ग्याउनुभएको छ ।

वि. सं. २०२१ मा छापिएको श्रीलीलाभक्त मुनंकर्मीको *भक्तपुरको मल्ल कालिन सरल इतिहासमा* पनि मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको विषयमा लेखिएको छ । त्यहाँ मुकुन्द सेनलाई मुकुन्दसिंह भनी लेखिएको छ र त्यहाँ हमलाको जुन बयान दिइएको छ, सो बयान वंशावलीसँग मिल्दोजुल्दो छ। त्यस पुस्तकमा अनन्त मल्लको परिचयको प्रसङ्गमा अनन्त मल्लको पालामा नेपालसंवत् चल्यो भनी लेखिएको छ । अनन्त मल्लको विषयमा लेख्दा "यी राजालाई कुनै कुनै इतिहासमा आनन्द मल्ल पनि लेखेको छ" भनी लेखिएको छ। अनन्त मल्लको परिचयको लगत्तै त्यहाँ आनन्द मल्लको परिचय आउँछ।आनन्द मल्लको परिचयको प्रसङ्गमा त्यहाँ मुकुन्द सेनले गरेको हमलाको बयान दिइएको छ। आनन्दमल्लको विषयमा लेख्दा"यिनै राजालाई कुनै कुनै इतिहासले अनन्त मल्ल नै हुन् भनि लेखेको थियो" भनी लेखिएको छ । अनन्त मल्लको पालामा ने. सं. शुरू भएको भनी मुनकर्मीजीले लेख्नुभएकोले र अनन्त मल्लको लगत्तै आनन्द मल्लको बयान दिई उनको पालामा मुकुन्दसिंहको हमला भयो भनी उहाँले लेख्नुभएकोले उहाँको लेखाइको हिसाबबाट मुकुन्द सेनको हमलाको समय विक्रमको

दशौँ शताब्दीको अन्त्यतिर हुन आउँछ । मुनंकर्मीजीले वि. सं. २०२५ मा छापिएको आफ्नो अर्को कृति *मल्लकालीन नेपालमा* पनि मुकुन्द सेनको हमलाको विषयमा लेख्दा आफ्नो उही पुरानै विचार दोहऱ्याउनुभएको कुरा यस सन्दर्भमा स्मरणीय छ ।

गोरखाली पल्टनका अङ्ग्रेज अधिकृतहरूलाई नेपालका भुवनकोश, इतिहास, जाति, ऐनकानून, रीतिस्थिति आदि बुझ्न सजिलो होस् भनी अङ्ग्रेजी तोपखानाका मेजर ई· आर. एल्सले नेपाल-सम्बन्धी एउटा पुस्तक तयार गरे र सो पुस्तक *ए रिपोर्ट् अन् नेपाल* (नेपालविषयको विवरण) भन्ने नाउँले वि. सं. १९४० मा छापियो । पटकपटक प्रतिसंस्कार गरेर छपाइएको यस पुस्तकको एक संस्करण गोरखाली पल्टनमा काम गरिसकेका,कर्नेल आर.जी. लिओनार्डले तयार गरे[५३] र सो संस्करण *नेपाल् यान्ड् द गुरकज्* (नेपाल र गोरखालीहरू) भन्ने नाउँले वि. सं. २०२२ मा लन्डनबाट रक्षामन्त्रालयको सम्पादनमा छापियो ।त्यस पुस्तकको दोस्रो अध्यायमा नेपालको इतिहासको प्रसङ्गमा वंशावलीमा बयान गरे जस्तै गरी मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको बयान दिइएको छ । विक्रमको चौधौँ शताब्दीतिर नेपालखाल्डोमा कर्णाटकवंशको राज्य थियो, त्यस वंशको पछिल्ला राजा हरिदेवको पालामा मगर राजा मकुन्द सेनले पश्चिमबाट नेपालखाल्डोमा हमला गरे भनी त्यहाँ लेखिएको छ। त्यस पुस्तकको छैटौँ अध्यायमा मगर जातिको विषयमा लेखिएको छ । त्यहाँ चाहिँ पाल्पा र बटोलीका मगर राजा मुकुन्द सेनले हरिदेवको पालामा वि. सं. ११५७ तिर नेपालखाल्डो जितेपछि मगरहरू प्रख्यात भए भनी लेखिएको छ । यसरी एउटै पुस्तकमा कहीँ विक्रमको चौधौँ शताब्दीतिर र कहीँ वि. सं. ११५७ तिर मुकुन्द सेनले हमला गरे भनी लेखिएको स्पष्ट हुन्छ ।

अमेरिकाका नृतत्त्वज्ञ श्रीजोन हिच्ककले मगर जातिको विषयमा लेखेको ग्रन्थ पनि यस प्रसङ्गमा स्मरणीय छ । वि. सं. २०२३ मा छापिएको सो ग्रन्थमा विक्रमको बाह्रौँ शताब्दीतिर मगरहरूले नेपालखाल्डो लुटे भनी लेखिएकोले हिच्ककको यस वाक्यले मुकुन्द सेनको हमलालाई सङ्केत गरेको बुझिन्छ । यताबाट हिच्ककको मतअनुसार मुकुन्द सेनको हमला विक्रमको बाह्रौँ शताब्दीतिर भएको देखिन्छ ।

वि. सं. २००९ मा छापिएको आफ्नो प्राचीन र मध्यकालिक नेपाललाई नेपाली इतिहासका विशेषज्ञ मानिएका श्रीलूच्यानो पेतेकले "हिस्स्याउने खालको पुस्तक" भनिदिएकाले यस्तो छाँटले बाहिर विद्वान्-हरूको समाजमा आफ्नो प्रतिष्ठा नहुने कुरा श्रीडिल्लीरमण रेग्मीलाई छर्लङ्ग भयो। पुराना लिपि, पुराना भाषा र पुराना विद्याको ज्ञान जस्ता नेपालको इतिहास प्रामाणिक ढङ्गले लेख्न चाहिने योग्यता कति पनि नभएका र राजनीतिमा लागेका रेग्मीजीले यस उमेरमा आएर कसिएर यस्ता विषय पढ्ने र अनि मात्र नेपालको इतिहास लेख्ने आँट गर्न सक्नुभएन । यसैले आफूले कहिल्यै नपढेका नयाँ विषय पढ्नु

५३· वि. सं. २०२२ मा लन्डनबाट रक्षामन्त्रालयद्वारा सम्पादित हर् म्याजइस्टि'ज् स्टेशनरि अफिस्-द्वारा प्रकाशित नेपाल् यान्ड् द गुर्कज्को प्रिफेस् (भूमिका) ५ पृ.

पनि नपर्ने, नयाँ नयाँ कुराको खोजी गर्ने ऐतिहासिक भनी विदेशमा नाउँ पनि कमाइने एउटा सजिलो उपाय उहाँले निकाल्नुभयो। वि. सं. २००६ देखि पिताजी पं. नयराज पन्तको निर्देशनमा उहाँका शिष्य प्रशिष्यहरूले निकालेका संशोधनात्मक कृतिहरूको रेग्मीजीलाई अत्यन्त प्रभाव परेकोले[५४] नेपालीमा लेखिएका यी खोजीको बाहिर प्रचार छैन र आफूले गरेका अन्वेषणको रूपमा यी खोजीलाई अङ्ग्रेजीमा प्रस्तुत गर्न सकेको खण्डमा बाहिर ठूला अन्वेषकको रूपमा नाउँ कमाइने सम्भावना देखी संशोधन-मण्डलका खोजीलाई आफ्ना खोजीको रूपमा दर्ता गर्ने कुकृत्य गर्न उहाँ लाग्नुभयो।[५५] संशोधन-मण्डलको सकेसम्म वागपहार गरी आफू यशस्वी अन्वेषक बन्ने इच्छाले रेग्मीजीले लेख्नुभएको, वि. सं. २०२३ मा छापिएको मध्यकालको नेपालबाट[५६] पनि बाहिर रेग्मीजीको प्रतिष्ठा हुन सकेन भन्ने

५४ वि. सं. २०१५ मा काठमाडौँबाट संशोधकहरूद्वारा प्रकाशित इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थको २४ पृ.

५५ वि. सं. २०१७ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको एन्शन्ट् नेपाल् (प्राचीन नेपाल)

वि. सं. २०१७ मा पिताजी नयराज पन्तद्वारा रचित तथा प्रकाशित विद्या-रत्ना ३ सङ्ख्या

५६. वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीका मेडिईभल् नेपाल् (मध्यकालको नेपाल) का १-३ भाग

वि. सं. २०२३ मा संशोधन-मण्डलद्वारा रचित तथा प्रकाशित सावधान-पत्र १७ सङ्ख्या

वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा ११ अङ्कका १७-२४ पृष्ठमा छापिएको शङ्करमान राजवंशीको श्रीडिल्लीरमण रेग्मीज्यूले हाम्रो सम्पत्ति फेरि पनि चोर्नुभयो भन्ने निबन्ध

पूर्णिमा ११ अङ्कका १०१-११८ पृष्ठमा छापिएको श्रीडिल्लीरमण रेग्मीज्यूको छटेलपन भन्ने हाम्रो वक्तव्य

वि. सं. २०२३ मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (मध्यकालको नेपाल) को ४ भाग

वि. सं. २०२४ मा संशोधन-मण्डलद्वारा रचित तथा प्रकाशित नेपालका बुद्धिजीवीहरूले निष्पक्ष भई विचार गरिदिनुपर्‍यो

वि. सं. २०२४ मा प्रकाशित पूर्णिमा १३ अङ्कका ६१-६८ पृष्ठमा छापिएको हाम्रो वक्तव्य

वि. सं. २०२४ मा संशोधन-मण्डलद्वारा रचित तथा प्रकाशित इतिहास-संशोधन ६४, ६५ सङ्ख्या

वि. सं. २०२५ मा संशोधन-मण्डलद्वारा रचित तथा प्रकाशित इतिहास-संशोधन ६६-६८ सङ्ख्या

कुरा विदेशी विद्वानहरूका भनाइबाट स्पष्ट बुझिन्छ ।[४७]

---

४७. मैले प्रो. पेटेकलाई डा. रेग्मीका ग्रन्थहरू विषयमा सोधेथें । रेग्मीका कृतिहरूबाट उहाँ कुन्नी के कारणले संतुष्ठ देखिनु भएन । उहाँले यसै संदर्भमा इतिहास संशोधन मण्डलको चर्चा गर्नुभयो । इतिहास संशोधनको कार्य प्रति उहाँले ठूलो चाख लिनु भएको रहेछ। सकेसम्म संशोधन मण्डलबाट प्रकाशित 'पूर्णिमा' र अरू साहित्यहरू उहाँ पढ्नु हुन्छ । उहाँको ग्रन्थ 'मेडिएसम्म नेपाल' माथिको मण्डलको आलोचनालाई उहाँले स्वागत गर्नु भएको छ र उहाँले भन्नुभयो ग्रन्थको आगामी संस्करणमा आफ्नो भूल सच्याउने राय प्रकट गर्नुभयो। यसै संदर्भमा उहाँले भन्नुभयो– आज नेपालीका इतिहास प्रेमी मात्रले इतिहास संशोधन मण्डलले जस्तै इतिहासका सामग्रीहरू जुटाउनको निम्ति कार्य गर्नुपरेकोछ नेपाललाई इतिहास र संस्कृतको विषयमा कार्य गर्नको निमित्त विदेशमा आउनु होइन, देशमा काम गर्नु परेको छ ।

(वि. सं. २०२४ श्रावण २१ गते शनिवारको गोरखापत्रमा छापिएको धूस्वां सायमिको हाम्रो इतिहास, प्रो. पेटेक र संशोधन मंडल भन्ने निबन्धबाट)

स्पेशिअल् अटेनशन मस्ट् बी पेड् टु द न्यूलि पब्लिश्ड् फोर् भोल्युम् वर्क् बाइ द नेपाली स्कलअर्, डिल्ली रमण रेग्मी। द वर्क् इज् इन्टाइटल्ड् *मेडिईभल् नेपाल्* । रेग्मी' ज् अर्लिअर् वर्क् इन् द पीरिअड्, अकर्डिङ् टु पेतेक्, वज् "ए डिसअपइन्टिङ् वर्क् इन् स्पाइट् अफ् द म्यागनिफिसन्ट् अपर्टयूनिटिज् ओप्न् टु इट्स् अथर्. द न्यूअर् वर्क्, याट् लीस्ट् दि एक्स्टेन्डिड् च्याप्टर् डीलिङ् विथ् द किङ्डम् अफ पाटन, इज् मच् बेटअर्, अल्दो स्टिल् डिसअपइन्टिङ् । रेग्मी ह्याज् यूज्ड् मेनइ अफ् दि अभेलएब्ल् सोर्सिज्, यान्ड् ही ह्याज् डन् फ्यूचर् रिसर्चरज् ए ग्रेट् सरभिस् बाइ प्रिन्टिङ्, इन् द थर्ड यान्ड् फोर्थ् भोल्युम्ज्, द टेक्स्टस् अफ् स्टोन् यान्ड् कपर् इन्स्क्रिपशन्ज् यान्ड् दोज् अफ् फोर् इम्पर्टयान्ट् *थ्यासफुज्* (नेवारी जिनेरिक टर्म् फर् फोल्डिङ् बुक् । इन् अल् क्यान्डर्, हाउएभअर्, टू मेजर् क्रिटिसिज्म्ज् मस्ट् बी लेभल्ड् अगेन्स्ट् डक्टर् रेग्मी। फर्स्ट्, हिज् अर्गनाइजेशन् अफ् द मटीरिअल् लीभ्ज् मच् अफ् टु बी *डिजाइर्ड्* । फर् एगजाम्प्ल, इन् स्टडिज् अफ् रेग्नल् क्रोनलअजिज्, द डेट शुड् बी प्रेजेन्टिड्, इन् क्रोनलअजिकल् अर्डर्; ही अफन् फेल्ज् टु डू सो। सेकअन्ड्, हिज् कमान्ड् अफ् रिटन् इङ्गलिश् इज् नट् याडिक्विट् । इट् इज् देरफोर् अफन् डिफिकल्ट् टु अनडर्स्टयान्ड् ह्वट् पइन्ट् इज् बीइङ् मेड् ।

[वि. सं. २०३३ मा प्रकाशित *कैलाश*को ४ वर्षमा छापिएको पिटर बर्लिको ए *क्रोनलअजि अफ् द लेटर किङ्ज् अफ् पाटन्* (पाटनको पछिल्ला राजाहरूको कालनिर्णय) भन्ने निबन्ध, सो

मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको विषयमा वंशावलीमा जे जस्तो लेखिएको छ, त्यस विषयमा आफ्नो यस मध्यकालको नेपालमा पनि डिल्लीरमण रेग्मीले लेख्नुभएको छ। तर रेग्मीको यस लेखाइबाट यस प्रश्नको समाधान हुन सकेको छैन र उहाँको यो लेखाइ पनि गन्थन नै साबित भएको छ। साँच्चै भन्ने हो भने उहाँले यस विषयमा त्यति गढेर पनि विचार गर्न सक्नुभएको छैन। यस विषयमा वंशावलीमा लेखिएको कुराको रेग्मीजीले दिनुभएको सारांश भगवानलाल इन्द्राजीले वि. सं. १९४१ मा वंशावलीबाट खिँचेको सारांशबाट लिइएको हो भन्ने कुरा इन्द्राजीको लेखसँग रेग्मीजीको लेख भिडाई हेर्दा स्पष्ट हुन्छ। त्यसैले वंशावलीमा नान्यदेवको नेपालप्रवेशको मिति भनी दिइएको शकसँवत् ८११ ने. सं. ९ श्रावणशुदि ७ लाई ई. सं. मा शुद्धसँग परिणत गरी ८८९ भनी[४८] डानियल राइटले लेखेको कुरामा डिल्लीरमण रेग्मीको दृष्टि नपरेको देखिन्छ र भगवानलाल इन्द्राजीको पछि लागी त्यस मितिको

---

वर्षको २७ पृ. ]

[नेपाली विद्वान् डिल्लीरमण रेग्मीको हालै छापिएको ४ भाग भएको पुस्तकको विषयमा विशेष दृष्टि दिनुपर्छ। यस पुस्तकको नाउँ *मेडिईभल् नेपाल्* हो। यस कालको विषयमा रेग्मीको अघिल्लो किताब पेतेकअनुसार "ग्रन्थकारले राम्रो मौका पाउँदा पाउँदै पनि हिस्स्याउने खालको पुस्तक" थियो। नयाँ पुस्तक, कससेकम पाटन राज्यको विषयमा बढाएर लेखिएको अध्याय धेरै राम्रो छ तापनि अझै हिस्स्याउने खालको छ। पाइने सामग्रीमध्ये धेरैको रेग्मीले उपयोग गर्नुभएको छ र उहाँले तेस्रो र चौथो भागमा शिलापत्र र ताम्रपत्रका पाठ र चारवटा मुख्य ठ्यासफुका पाठ छापेर पछिका अन्वेषकहरूको ठूलो सेवा गर्नु भएको छ। यसो भए तापनि, स्पष्टसँग भन्ने हो भने, डा. रेग्मीको विरोधमा दुइवटा ठूलठूला आलोचना गर्नु पर्छ। पहिलो कुरो, सामग्रीहरूको उहाँले गरेको व्यवस्था चित्त नबुझ्ने खालको छ। उदाहरणको लागि, राजाहरूको राज्यभोगवर्षका परिशीलनमा तथ्यहरू कालक्रमअनुसार दिनुपर्छ, तर यसो गर्न अक्सर उहाँले सक्नुभएको छैन। दोस्रो कुरो, अङ्ग्रेजीको लेखाइमा उहाँको अधिकार मनग्य छैन। यस कारण के भन्न खोजिएको हो भनी बुझ्न अक्सर गाह्रो पर्छ।]

४८. याट् द टाइस ह्वेन् राज जय-देव मल्ल वज् रूलिङ् ओभर् ललित्-पाटन यान्ड् कान्तिपुर, यान्ड् आनन्द मल्ल ओभर् भक्तपुर, इन् द साका यर् ८११, यान्ड् नेपाल् सम्वत् ९ (ए. डी. ८८९), अन् द ७थ् अफ् स्रावन सुदि, ए स्याटर्डि, नान्यदेव राज केम् फ्रम् द साउथ् कार्नाटक कन्ट्रि यान्ड् एन्टर्ड् नेपाल्।

(हिस्टरि अफ् नेपाल्को १६७ पृष्ठबाट)

ई. सं. दिँदा उहाँले पनि इन्द्राजीले जस्तै ८९० नै लेखी इन्द्राजीले गरेको गलती दोहऱ्याउनुभएको छ।

रेग्मीजीले दिएको वंशावलीको सारांशअनुसार नान्यदेव नेपाल पसेदेखि उनका जनाति रामसिंहको पालासम्म ५०+४१+३१+३९+५८=२१९ वर्ष बितेको देखिन्छ। वंशावलीमा नान्यदेवको नेपालप्रवेशको मिति शाके ८११ ने. सं. ९ तदनुसार वि. सं. ९४६ दिइएकोले रामसिंहको अन्त्य वि. सं. ९४६+२१९= वि. सं. ११६५ मा भएको स्पष्ट हुन्छ। यसपछि राजा भएका हरिदेवको पालामा मुकुन्द सेनको हमला भयो भनी वंशावलीमा लेखिएकोले वि. सं. ११६५ पछिको कुनै वर्षमा मुकुन्द सेनको आक्रमण भएको कुरा रेग्मीजीले दिएको वंशावलीको सारांशबाट पनि नआउने होइन। तर पनि वंशावलीअनुसार मुकुन्द सेनको हमला वि. सं. ११४५ मा भयो भनी रेग्मीजीले लेख्नुभएको छ। रेग्मीजीले खिंच्नुभएको वंशावलीको सारांशअनुसार नान्यदेव नेपाल पसेदेखि उनका पनाति शक्तिदेवको पालासम्म ५०+४१+३१+३९= १६१ वर्ष बितेको देखिन्छ। वंशावलीअनुसार नान्यदेवको नेपालप्रवेशको मिति वि. सं. ९४६ भएकोले शक्तिदेवको अन्त्य वि. सं. ९४६+१६१= वि. सं. ११०७ मा भएको स्पष्ट हुन्छ। रेग्मीजीले खिँच्नुभएको वंशावलीको सारांशअनुसार वि. सं. ११०७ देखि वि. सं. ११६५ सम्म शक्तिदेवका छोरा रामसिंह गद्दीमा देखिन्छन्। यताबाट वि. सं. ११४५ मा हरिदेवको होइन कि उनका बाबु रामसिंहकै राज्य रहिरहेको स्पष्ट हुन्छ। यस कारण वंशावलीअनुसार मुकुन्द सेनको हमला वि. सं. ११४५ मा भयो, त्यस वेला हरिदेव राजा थिए भनी रेग्मीजीले लेख्नुभएकोले उहाँले कत्ति पनि नगढी यो प्रकरण लेख्नुभएको देखिन्छ।

मुकुन्द सेनको हमला सम्भवतः अभय मल्लको पालामा भयो भन्ने विषयमा पेतेकले जे तर्क गर्नुभएको छ, त्यो कति फितलो छ भन्ने कुरा हामीले माथि देखाइसकेका छौँ। "पाल्पाका मुकुन्द सेनले अभय मल्लको पालामा सम्भवतः नेपालमा हमला गरे भनी पेतेक ठान्नुहुन्छ। यस घटनाको विषयमा प्रामाणिक सूचना बिलकुलै नभएकोले यस्तो कुराको लागि कुनै आधार छ भन्ने विषयमा मलाई शङ्का लाग्छ" भनी पेतेकको तर्कमा हाम्रा रेग्मीजी शङ्का त उठाउनुहुन्छ, तर प्रामाणिक लिखतको अभावमा पेतेकले गरेको तर्क के कति कारणले गलत छ भनी देखाउने हुति भने रेग्मीजीको छैन। पेतेकको तर्कमा शङ्का उठाई रेग्मीजीले "पश्चिमबाट खसहरूले बारंबार गरेका हमलाको ठाउँमा पछिल्ला वंशावलीहरूले पाल्पाका मुकुन्द सेनलाई हमलावरको रूपमा चिनाएका छन्" भनी लेख्नुभएको छ र पुराना वंशावलीमा चर्चा गरिएका खसका हमलालाई नै नयाँ वंशावलीमा मुकुन्द सेनको हमला भनी लेखिएको देखिन्छ भनी लेभीले गरेको तर्कलाई रेग्मीजीले "निकै साँचो" ठान्नुभएको छ।

मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरेका थिए भनी लेखिएको कुरा वि. सं. २०२३ मा छापिएको *भाषा वंशावली* दोस्रो भागका सम्पादक श्रीदेवीप्रसाद लंसालले नपत्याएको देखिन्छ। मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको विषयमा *भाषा वंशावली*मा जुन प्रकरण लेखिएको छ, त्यसको शीर्षक लंसालजीले *नेपालमा मुकुन्द सेनले आक्रमण गरे भन्ने अनुश्रुति* भनी राख्नुभएको छ र मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी वंशावलीमा लेखिएको कुरालाई अप्रामाणिक देखाउन उहाँले टिप्पणी पनि लेख्नुभएको छ। *भाषा वंशावली*मा मुकुन्द सेनले वि. सं. १३१५ मा हमला गरे भनी लेखिएको कुरालाई अप्रामाणिक ठह्र्याउनमा केही हेतु पनि उहाँले सो टिप्पणीमा दिनुभएको छ। पाल्पाका प्रसिद्ध राजा मुकुन्द सेनको समय वि. सं. १६०० ताकाको भएकोले र वि. सं. १३१५ मा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भन्ने कुराको प्रमाण अहिलेसम्म नपाइएकोले लंसालजीले वंशावलीको यस उक्तिलाई सकार्न नसक्नुभएको देखिन्छ। प्रमाणद्वारा सिद्ध भइसकेका जितारि मल्लले र शमसुद्दीनले नेपालखाल्डोमा गरेका हमलाको विषयमा वंशावलीमा केही नलेखिएकोले पनि लंसालजीलाई वंशावलीको यस लेखाइमा शङ्का उठ्न गएको देखिन्छ। आखिरमा "यहाँ लेखिएको "मुकुन्द सेनले नेपाल उपत्यकामा आक्रमण गरी उत्पात मचाए" भन्ने कुराले जितारिमल्ल अथवा शमसुद्दीनको आक्रमणलाई लक्ष्य गरेको हुनुपर्छ" भनी यस विषयलाई लंसालजीले टुङ्ग्याउनुभएको छ।

मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी वंशावलीमा लेखिएको कुरा वि. सं. २०२७ मा छापिएको पद्मगिरिको वंशावलीका सम्पादक श्रीविक्रमजित् हसरतले पत्याउनुभएको छैन र "मुकुन्द सेनको हमलाको कथा कालक्रमअनुसार हेर्दा बिलकुल मनगढन्त र असम्भव देखिन्छ" भन्ने निष्कर्ष यस विषयमा उहाँले निकाल्नुभएको छ। हसरतले सम्पादन गरेको पद्मगिरिको वंशावलीबाट मुकुन्द सेनको हमला वि. सं. १०८० पछि आउने कुरा हामीले माथि खुलाएर लेखिसकेका छौं। पेटेकले चर्चा गरेको अप्रकाशित संस्कृतवंशावलीमा मुकुन्द सेनको समय वि. सं. ११६७ भएको कुरा पनि माथि परिसकेको छ। यी दुवै वंशावलीमा रामसिंहको पालामा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरी जिते भनी लेखिएकोले पद्मगिरिको वंशावलीका सम्पादक हसरतले पद्मगिरिको वंशावलीबाट मुकुन्द सेनको हमलाको सारांश दिँदा "संस्कृतमा पद्यमा लेखिएको, प्राध्यापक तुच्चीको वंशावली पद्मगिरिको वंशावलीसँग पूरापूरा मिल्छ र त्यस हमलाको सम्भाव्य मिति वि. सं. ११६७ हुनुपर्छ" भनी लेख्नुभएको छ। यताबाट संस्कृतवंशावलीमा र पद्मगिरिको वंशावलीमा मुकुन्द सेनको हमलाको विषयमा लेखिएका कुरा परस्परमा मिलेका हुनाले संस्कृतवंशावलीमा मुकुन्द सेनको समय भनी दिइएको वि. सं. ११६७ नै पद्मगिरिको वंशावलीअनुसार पनि आउने मुकुन्द सेनको हमलाको सम्भाव्य समय हो भन्ने जिकिर हसरतको देखिन्छ। यसरी हस-

रतको लेखाइबाट पद्मगिरिको वंशावलीलाई आधार मान्दा मुकुन्द सेनको हमलाको समय वि. सं. ११६७ मान्नुपर्ने स्पष्ट हुन्छ । पद्मगिरिको वंशावलीअनुसार मुकुन्द सेनको हमला विक्रमको एघाह्रौँ शताब्दीको अन्त्यतिर भयो भनी बुझिने कुरामा कौने शङ्का नहुँदा नहुँदै पनि संस्कृतवंशावलीको आधार लिई हसरतले पद्मगिरिको वंशावलीअनुसार मुकुन्द सेनको हमलाको सम्भाव्य समय वि. सं. ११६७ ठहऱ्याउनुभएकोले आफूले सम्पादन गरेको वंशावली पनि उहाँले गढेर नपढेको देखिन्छ भनी विवश भएर भन्नुपरेको छ ।

राइटको वंशावलीअनुसार मुकुन्द सेनको हमला हरिदेवको पालामा भयो र मुकुन्द सेनले जितेकाले ने. सं. २०८ तदनुसार वि. सं. ११४५ मा हरिदेवको राज्य टुङ्गियो भनी श्रीविक्रमजित् हसरतले लेख्नुभएको छ । राइटको वंशावलीअनुसार वि. सं. ११०७ देखि वि. सं. ११६५ सम्म हरिदेवका बाबु रामसिंहदेवको राज्य चलेको देखिन्छ भन्ने कुरा हामीले माथि खुलाएर लेखिसकेका छौँ । राइटको वंशावलीअनुसार यसपछि मात्र हरिदेव राजा भएकाले हरिदेवको पालामा वि. सं. ११४५ मा मुकुन्द सेनले हमला गरी जिते भन्ने भावले हसरतले लेखेको देख्दा पद्मगिरिको वंशावली जस्तै राइटको वंशावली पनि उहाँले राम्ररी नपढेको र रेग्मीको भर परी कलम दौडाएको देखिन्छ।

श्रीविक्रमजित् हसरतले यस प्रसङ्गमा मुकुन्द सेनका बाबु रुद्र सेनले ई. सं. १४४० देखि १४७५ सम्म राज्य गरे भनी लेख्नुभएको छ र त्यसको प्रमाणको रूपमा उहाँले श्रीडिल्लीरमण रेग्मीको पुस्तकलाई औँल्याउनुभएको छ। डिल्लीरमण रेग्मीको आधुनिक नेपालमा रुद्र सेनले ई. सं. १४४० देखि १४७५ सम्म राज्य गरे भनी लेखिएको छ र रेग्मीजीको लेखाइको हिसाबबाट *भानुभक्त स्मारक-ग्रन्थमा* छापिएको श्रीबाबुराम आचार्यको *तनहुँको सेनवंश* भन्ने लेखको आधार लिई उहाँले यस्तो लेखेको देखिन्छ । [४९]

श्रीबाबुराम आचार्यले *तनहुँको सेन-वंश* भन्ने सो लेखमा मुकुन्द सेनका बाबु रुद्र सेनको वि. सं. १५७१ को दानपत्र छपाउनुभई त्यसको आधारमा उहाँले रुद्र सेनको आसन्न राज्यकाल वि. सं.

---

४९. रुद्र सेन रूल्ड् बिट्वीन् १४४० यान्ड् १४७५ ए. डी.

रीड् यान् आर्टिकल् इन् भानुभक्त मिमोरिअल् पब्लिकेशन् बाइ खरीदार् बाबुराम् आचार्य अबाउट् द सेन् डिन्यास्टि अफ् तन्हौँ ।

[वि. सं. २०१८ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मड्अर्न् नेपाल् (आधुनिक नेपाल) को २८ पृष्ठबाट]

[रुद्र सेनले ई. सं. १४४० (वि. सं. १४९७) र ई. सं. १४७५ (वि. सं. १५३२) को बीचमा राज्य गरे।

खरीदार बाबुराम आचार्यले तनहुँको सेनवंशको विषयमा भानुभक्त स्मारक ग्रन्थमा लेखेको लेख पढ्नुहोस् ।]

१५४०–१५७५ भनी निर्णय गर्नुभएको छ । तर छपाइको दोषले गर्दा त्यहाँ "राजा रुद्र सेन (१४४०–७५ अं.)" भनी छापिन गएकोले रुद्र सेनको समयमा एक सय वर्षको फरक पर्न गएको छ । मुकुन्द सेनका बराजु खाम सेनको आसन्न राज्यसमय वि. सं. १५००–१५३०, मुकुन्द सेनको राज्यसमय वि. सं. १५७५-१६१० भनी दिइएकोले तथा मुकुन्द सेनका बाबु रुद्र सेनको वि. सं. १५७१ को दानपत्र त्यहाँ छपाइएकोले रुद्र सेनको राज्यसमयमा १४४० छापिए तापनि यो १५४० हो भनी सजिलैसँग नबुझिने होइन । तर पनि डिल्लीरमण रेग्मीको बुद्धिले यो कुरा छुट्याउन नसकेकोले यो अनर्थ हुन गयो । त्यस्तै बाबुराम आचार्यको यस लेखमा वि. सं. को प्रयोग भए तापनि रेग्मीजीले वि. सं. लाई ई. सं. सम्झनुभएकोले अर्को भूल हुन गएको देखिन्छ । पहिले वि. सं. को पक्षपाती रहेका बाबुराम आचार्य पछि वि. सं. को विरोधी भई ई. सं. को पक्षपाती हुन गएको कुरा[६०] खयाल राख्न नसकेकोले वि. सं. १९९७ मा छापिएको बाबुराम आचार्यको सो लेखमा वि. सं. को प्रयोग भएको स्पष्ट बुझिँदा बुझिँदै पनि रेग्मीजीले त्यसलाई ई. सं. सम्झी अर्को भूल गर्न पुग्नुभएको देखिन्छ ।[६१] रेग्मीको यही लेखलाई आधार मान्दा हसरतले पनि रेग्मीले गरेको भूल दोहऱ्याउन पुगेको यताबाट छर्लङ्ग हुन्छ ।

"पाल्पाका सेन राजाले पछिल्ला कर्णाट राजा हरिदेवमाथि हमला गरी उनलाई गद्दीबाट बरखास्त गरे भनी वंशावलीमा लेखिएका बयान वि. सं. १३१५ का खस आक्रमणका प्रतिध्वनि हुन् भन्ने लेभीको विचारले यस प्रश्नको वैकल्पिक व्याख्या प्रस्तुत गर्न सक्छ" भनी हसरतले लेखेकाले लेभीले वि. सं. १३१५ मा खसहरूको हमला भयो भनी लेखे भन्ने भ्रम पर्न जान्छ । लेभीको लेखबाट त वि. सं. १३४४ मा खस राजा जितारि मल्लले नेपालखाल्डोमा हमला गरेको तथा वि. सं. १३८४ मा खस राजा आदित्य मल्लले नेपालखाल्डोमा हमला गरेको कुरा गोपालराजवंशावलीमा भएकोले पश्चिमबाट खसहरूले गरेको हमलालाई वंशावली लेख्नेले खस र मगर साथ लिई मुकुन्द सेनले गरेको हमला भनी सम्झेको हुनुपर्छ भन्ने मात्र बुझिन्छ । यति बुझिँदा बुझिँदै पनि हसरतले वि. सं. १३१५ मा भएको

---

६०. वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा ९ अङ्कमा छापिएको पिताजी नयराज पन्तको ऐतिहासिक-शिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना भन्ने निबन्ध, सो अङ्कको ८१ पृ.

वि. सं. २०२४ मा प्रकाशित पूर्णिमा १५ अङ्कमा छापिएका पिताजी नयराज पन्तको ऐतिहासिक-शिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना भन्ने निबन्ध, सो अङ्कका २१७–२१८, २२०, २२८–२२९ पृ.

६१. आफ्नो आधुनिक नेपालको नयाँ संस्करणमा पनि रेग्मीजीले यही गलती दोहऱ्याउनुभएको छ ।

[वि. सं. २०३२ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मड्अर्न् नेपाल् (आधुनिक नेपाल) को १ भागको ६१ पृ.]

खस हमला भनी लेभीले लेखेका छन् भनी लेख्न पुगेको कारण पत्ता लाउनुपरेको छ ।

"पश्चिमबाट खसहरूले वारंवार गरेका हमलाको ठाउँमा पछिल्ला वंशावलीहरूले पाल्पाका मुकुन्द सेनलाई हमलावरको रूपमा चिनाएका छन्" भनी लेखेको लगत्तै डिल्लीरमण रेग्मीले "यो सूचना पुराना वंशावलीहरूले चर्चा गरेका खस हमलाहरूको विषयमा हो भनी लेभी ठान्छन्" भनी लेख्नुभएको छ । यस विषयमा "यो निकै साँचो हो" भनी आफ्नो विचार प्रकट गर्ने रेग्मीजीले यसको लगत्तै "ख[२] समूहको वंशावलीले उनको हमलाको समय कलि ४३५६ = वि. सं. १३१५ को रूपमा दिन्छ" भनी लेख्नुभएको छ । यसरी रेग्मीजीले *भाषा वंशावली*मा दिइएको मुकुन्द सेनको हमलाको समयको विषयमा चर्चा गर्नुभएको देखिन्छ । यो कुरा नबुझी रेग्मीको यही लेख हेरी लेभीको पुस्तकै नपल्टाई लेभीले वि. सं. १३१५ मा भएको खस हमलालाई मुकुन्द सेनको हमला भनी लेखेका छन् भनी हसरतले लेखेको यताबाट स्पष्ट हुन्छ ।

वि. सं. २०३० मा छापिएको, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले श्रीअयोध्याप्रसाद प्रधानलाई लेख्न लगाएको *पाल्पा एक परिचय* भन्ने पुस्तकमा ऐतिहासिक मुकुन्द सेन र जनश्रुतिका मुकुन्द सेन भनी दुइ जना मुकुन्द सेनको परिचय दिइएको छ । ऐतिहासिक मुकुन्द सेन वि. सं. १५७५ तिर पाल्पाका राजा भए तथा गण्डकीदेखि कोशीसम्मका प्रदेशसम्म यिनको आधिपत्य थियो भनी प्रधानजीले लेख्नुभएको छ । नेपालखाल्डोमा हमला गर्ने भनी वंशावलीमा चर्चा गरिएका मुकुन्द सेनलाई चाहिँ उहाँले जनश्रुतिका मुकुन्द सेन भनी परिचय दिनुभएको छ । *भाषावंशावली*मा बयान गरिएको मुकुन्द सेनको हमलाको विषयमा वादविवाद छ र *गोपालराजवंशावली*मा पनि यस घटनाको चर्चा छैन भनी प्रधानजीले लेख्नुभएको छ । *वंशावली*अनुसार नान्यदेवको नेपालप्रवेशको समय शाके ८११ तदनुसार वि. सं. ९४६ देखि उनका पाँचौँ पुस्ताका रामसिंहदेवसम्म २१६ वर्ष बितेको देखिनाले वि. सं. ९४६ + २१९ = वि. सं. ११६५ सम्म रामसिंहदेवको राज्य रहेको देखिन्छ र रामसिंहदेवको पालामा मुकुन्द सेनको हमला भयो भनी वंशावलीमा लेखिएकोले ई. सं. ११०० तिर तदनुसार वि. सं. ११५७ तिर मुकुन्द सेनको हमला भयो भनी कुनै कुनै इतिहासकारहरूले लेखेको देखिन्छ भनी प्रधानजीले लेख्नुभएको छ ।

वि. सं. २०३३ मा छापिएको आफ्नो *हनूमानढोका राजदरबार*मा श्रीगौतमवज्र वज्राचार्यले मुकुन्द सेनको हमलाको चर्चा प्रसङ्गवश दुइ ठाउँमा गर्नुभएको छ । एक ठाउँमा मुकुन्द सेनले काठमाडौँमा हमला गर्दा उनले इटुम्बहालमा किल्ला जमाएको कुरा त्यहाँको एउटा पटचित्रमा बयान गरिएको छ भनी उहाँले लेख्नुभएको छ र त्यस पटचित्रबाट त्यस घटनासम्बन्धी केही वाक्य पनि प्रकाश गर्नुभएको छ । अर्को ठाउँमा "एउटा प्रसिद्ध किंवदन्तीअनुसार पाल्पाका राजा मुकुन्दसेनले नेपाल-उपत्यकामा आक्रमण गर्दा यहाँका सबै बासिन्दाहरू धान, मूला आदि सबै पदार्थ भुइँभित्र लुका-

घर वनभित्र लुक्न गए, पछि फर्केर आउँदा उनीहरूले भुइँमा गाडेर गएको धान र मूला हकुवा धान र सिन्कीको रूपमा परिणत भइरहेको देखे, त्यसै बेलादेखि नेपालउपत्यकाका बासिन्दाहरूले हकुवा चामल र सिन्की बनाउन जाने" भन्ने लेखी अन्तमा "यस किंवदन्तीमा उल्लिखित मुकुन्द सेनको आक्रमण ऐतिहासिक सामग्रीहरूबाट सिद्ध भएको छैन तापनि सम्पत्ति भुइँमा गाडेर वन पस्ने चलनको स्मरण यसले गराएको छ" भनी उहाँले लेख्नुभएको छ ।

मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी वंशावलीमा लेखिएको कुरामा यतिकसा ऐतिहासिकहरूको राय पढेपछि एउटा कुरा हाम्रो मनमा स्पष्टसँग चढेकोले अब त्यस विषयमा केही लेख्नुपरेको छ ।

सिल्भाँ लेभी, बाबुराम आचार्य र लूच्यानो पेतेक जस्ता मूल प्रामाणिक साधनको आधारमा कलम चलाउन खोज्ने ख्यातनामा ऐतिहासिकहरूले र यिनका अनुयायीहरूले वंशावलीमा दिइएको यस घटनालाई पूरापूर नपत्याई त्यसको आफ्नै ढङ्गको अनौठो व्याख्या गरेका छन् वा यस घटनालाई पूरै मनगढन्त कथाको संज्ञा दिएका छन् त मूल प्रामाणिक साधन पढ्ने योग्यता नभएका ऐतिहासिकहरूले चाहिँ वंशावलीमा दिइएको यस घटनामा कुनै शङ्का नउठाएको कुरा यस विषयमा ऐतिहासिकहरूका माथि दिइएका रायबाट छर्लङ्ग हुन्छ ।

मूल प्रामाणिक साधन पढ्ने योग्यता नभएका ऐतिहासिकहरूले मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरे भनी वंशावलीमा लेखिएको कुरामा शङ्का नउठाई त्यस घटनालाई प्रामाणिक मानी आफ्ना इतिहासमा समावेश गरे तापनि गहिरिएर लेख्ने ऐतिहासिकहरूले आफ्ना इतिहासमा त्यस घटनाको चर्चै नगरेको कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ ।[६२]

## चार

वि. सं. १३०१ देखि १४०६ सम्मको १०५ वर्षभित्र नेपालखाल्डोमा बाहिरबाट धेरै चोटि हमला भएका थिए । दक्षिणबाट डोय ( तिरहुतिया) हरूले यही अवधिभित्र अनेक आक्रमण गरेका थिए ।[६३] पश्चिमबाट खसहरूका अनेक आक्रमण पनि यही अवधिभित्र भएका थिए।[६४] पूर्वबाट बङ्गालका

६२. उदाहरणको लागि तोत्रराज पाण्डेय र नयराज पन्तको नेपालको संक्षिप्त इतिहासमा र वि. सं. २०२५ मा भैरहवाबाट नेपाली साहित्य घरद्वारा प्रकाशित जगदीशचन्द्र रेग्मीको नेपालको संक्षिप्त इतिहासमा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरेको कुराको चर्चा छैन ।

६३. वि. सं. २०२१ मा प्रकाशित पूर्णिमा ४ अङ्कका २०-३१ पृष्ठमा छापिएको धनवज्र वज्राचार्यको डोयहरू को हुन् ? भन्ने निबन्ध

६४. वि. सं. २०२२ मा प्रकाशित पूर्णिमा ६ अङ्कका १४-२६ पृष्ठमा छापिएको धनवज्र वज्राचार्यको कर्णालीप्रदेशको इतिहासको एक झलक भन्ने निबन्ध

सुल्तान शमसुद्दीन इल्यासको आक्रमण पनि यही अवधिभित्र भएको थियो ।[६५]

शासककुलकी राजल्लदेवीसँग वि. सं. १४११ मा बिहे भएपछि त्यो नाताले राजकाजमा हात हाल्न पाएका स्थिति मल्लले बिस्तारै पुरानो राजवंशलाई हटाई आफूलाई राजाको रूपमा प्रतिष्ठित गरेपछि[६६] नेपालखाल्डोमा बाहिरबाट हमला भएन भन्ने धारणा ऐतिहासिकहरूको छ ।[६७]

( बाँकी ४५ अङ्कमा )

---

वि. सं. २०२८ मा जुम्लाबाट सामाजिक अध्ययन समुदायद्वारा प्रकाशित, कर्णाली प्रदेश एक बिटो अध्ययनमा छापिएको धनवज्र वज्राचार्यको कर्नालीप्रदेशको ऐतिहासिक रूपरेखा भन्ने निबन्ध, सो ग्रन्थका २३–३६ पृष्ठ

६५. वि. सं. २०२२ मा प्रकाशित पूर्णिमा ८ अङ्कका ६–१३ पृष्ठमा छापिएको धनवज्र वज्राचार्यको शमसुद्दीनको आक्रमण भन्ने निबन्ध

वि. सं. २०२६ मा प्रकाशित पूर्णिमा २७ अङ्कका १५४–१६१ पृष्ठमा छापिएको बाबुराम आचार्यको नेपालमा भएको मुसलमानी आक्रमण भन्ने निबन्ध

६६. वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको इतिहास–संशोधनको प्रमाण–प्रमेयको मूल भागका ३२–३७ पृष्ठ

वि. सं. २०२२ मा प्रकाशित पूर्णिमा ७ अङ्कका १२–३६ पृष्ठमा छापिएको धनवज्र वज्राचार्यको शक्तिशाली भारादार रामवर्द्धनहरू र तात्कालिक नेपाल भन्ने निबन्ध

६७. स्थिति मल्ल तिमी खडा भयौ, बलियो सैन्य तथा खडा गऱ्यौ ।
परचक्रज लूट बन्द भो, दुनियाँमा सुख शान्ति क्यै भयो ॥६॥

स्थिति मल्लले सैन्यसङ्ग्रह गरेको वर्णन गोपालराजवंशावलीमा पाइन्छ । ( ६० ख पत्र )

स्थिति मल्लको हातमा अधिकार आएपछि नेपालखाल्डोमा विदेशीको हमला भएको कुरा अहिलेसम्म थाहा भएको छैन ।

( वि. सं. २०३१ मा प्रकाशित पूर्णिमा ३१ अङ्कका १८८–१८६ पृष्ठमा छापिएको पिताजी नयराज पन्तको स्थिति मल्ल भन्ने निबन्ध )

द् फोर्टिन्थ् सेन्चुरइ ह्याज् अ स्पेशअल् सिग्निफिकेन्स् इन् द हिस्टरि अफ् नेपाल् । द फर्स्ट् हाफ् वज् क्यारअक्टरइज्ड् बाइ रिपीटइड् रेड्स् इनटु द भ्यालइ बाइ द किङ्ज् अफ् वेस्टर्न् नेपाल् यान्ड् अफ् तिरहुत् । इट् ह्याज् बीन् सजेस्टइड् द्याट् डयूरङ् दिस् ट्रबल्ड् पीरइअड् नेपाल् मे ह्याभ् याट् लीस्ट् नमइनल्लि याक्नलइज्ड् द सूजरेन्टि अफ् अलाउद्दिन् खल्जी, द सल्टन् अफ् देल्हि, पर्ह्याप्स् याज् अ डिप्लोम्याटइक् मनूभर् इन् द होप् अफ् वर्डइङ् अफ् अ पसइब्ल् इनभेभ्जन् बाइ द ल्याट्अर् । बट् द कन्ट्रि वज् नट् डेस्टिन्ड् ट इस्केप् अ मज्लिम् इनभेभ्जन्, ह्विच् अपीर्ड्, विथ्

डेभ्अस्टेट्इङ् इफेक्ट्स्, इन् १३४६/५०, लेड् बाइ सलटन् शमसुद्-दिन् इल्यास् अफ् बेन्गल् । दस्, द रिपीट्इड् इन्करशन्ज् बाइ द तिरहुतियाज्, द खस ट्राइब्ज् यान्ड् द मज्लिम्ज् मे टगेदर् ह्याभ् डिस्ट्रइड् द मजरइटि अफ् द म्याग्निफइसन्ट् बिल्डइङ्ज् ह्विच ह्याड् वन्स् इमप्रेस्ड् द चाइनीज् याम्ब्यासअडर्, वाङ् सुआन-से ।

दिस् प्रलङ्ड् इक्सपोजर् टु एक्सटरनल् इन्भेजन्ज् कन्सिड्अरेब्लि वीकन्ड् द पलिट्इकल् मशीन्, यान्ड् इनटरनल् डिसेनशन्ज् यान्ड् इन् ट्रीग्ज् बिकेम् न्यामपन्ट् ड्यू ट द परेन्यल् जेल्असिज् यान्ड राइभलिज् अफ् द फ्यूडल यारइसटक्रसि । इट वज् नट् अनटिल् द लास्ट् क्वारटर् अफ् द सेनचुरइ थाट् देर् अपीर्ड् इन् नेपाल् यान् आइरन्-फिस्टइड् किङ्, द पाउअरफुल् स्थितिमल्ल, हू बिकेम् द अनडिस्प्यूट्इड् मनअर्क् इन् १३८२ ।

[वि. सं. २०३१ मा लाइडनबाट ई. जे. ब्रिलद्वारा प्रकाशित प्रतापादित्य पालको दि आर्ट्स् अफ् नेपाल् पार्ट् वन् स्कल्प्चर् (नेपालका कला पहिलो भाग, मूर्तिकला) नामक ग्रन्थका ८–९ पृष्ठ ]

[नेपालको इतिहासमा विक्रमका चौधौँ शताब्दी र पन्ध्रौँ शताब्दीको विशेष महत्त्व छ । यी शताब्दीको वैशिष्ट्य पश्चिम नेपालका राजाहरूले र तिरहुतका राजाहरूले नेपालखाल्डोमा वारंवार हमला गर्नु हो। कष्टको यस समयमा दिल्लीका सुल्तान अलाउद्दिन खिलजीले गर्न सक्ने हमला टार्ने आशाले शायद राजनीतिको दाउपेचको रूपमा नेपालले उनको कमसेकम नाउँ मात्रको प्रभुत्व मानेको थियो होला भन्ने कल्पना गरिएको छ । तर नेपालको नियति मुसलमानी हमला टार्न सक्ने थिएन । बङ्गालका सुल्तान शमशुद्दिन इल्यासको नेतृत्वमा मुसलमानी हमला वि. सं. १४०६ मा भयो र यस आक्रमणबाट निकै खति भयो । यसरी तिरहुतिया, खस र मुसलमानहरूले वारंवार गरेका हमलाबाट चिनियाँ दूत वाङ सुआन-सेलाई उहिले असर पारेका शानदार भवनहरूमध्ये धेरैजसा नाशिए होलान् ।

लामो कालसम्म भएका बाहिरिया हमलाले शासनलाई निकै कमजोर पारिदियो र सामन्ती शासकका धेरै कालसम्म चलेका डाह र स्पर्धाले गर्दा घरझगडा र कपट अनियन्त्रित भए । विक्रमको पन्ध्रौँ शताब्दीको दोस्रो पाउमा नेपालमा कडा राजा शक्तिशाली स्थिति मल्ल वि. सं. १४३८ मा निर्विवाद राजा नभएसम्म यस्तै स्थिति रह्यो ।]

पूर्णिमा ( इतिहास-प्रधान त्रैमासिक पत्रिका )          का. मे. अ द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौँ, नेपाल

# वि. सं. २०३६ चैत्र

यस अङ्कको मूल्य रु ७।

मुद्रक–

लुम्ब प्रेस

पुलचोक, ललितपुर, नेपाल